# हाम्रो गौर नगरपालिका

## स्थानीय पाठ्यपुस्तक

## कक्षा-४

















# स्थानीय विषय

## कक्षा-४



नामः ..........................................................................

रोल नम्बरः ........................सेक्सनः-...................................

विद्यालयः ....................................................................

**मधेश प्रदेश**
**स्थानीय सरकार**
**गौर नगरपालिका**

"शिक्षा, स्वास्थ्य, पूर्वाधार र व्यापार; सुन्दर,समृद्ध तथा समुन्नत गौरको आधार"

# गौर नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय

गौर,रौतहट
मधेश प्रदेश,नेपाल

## दुई शब्द

नेपाल वैविध्यपूर्ण देश हो।विविधताको सम्मान,विकास,प्रचारप्रसार र संरक्षण गर्ने भरपर्दो माध्यम भनेकै शिक्षा हो।शिक्षाको विकास बिना अन्य पक्षको विकास सम्भव नै हुँदैन।यस अर्थमा हेर्दा शिक्षा सम्पूर्ण विकासको प्रमुख आधार पनि हो।समग्र शिक्षा प्रणालीलाई व्यवस्थित गर्दै गुणस्तरीय शिक्षा प्राप्त गर्न पाउने नागरिकको अधिकारलाई सहज बनाउन सकियोस् भनेर हामीले गौर नगरपालिका भित्र विभिन्न शैक्षिक कार्यक्रमहरु संचालन गर्दै आएका छौं। शिक्षा क्षेत्रको विकास तुरुन्तै देखिने खालको हुँदैन तथापि हामीले योजनाबद्ध रुपमा शैक्षिक विकासका कामहरु गर्दै जाँदा हाम्रा भावी सन्ततिहरुले पनि यसबाट प्रतिफल लिन सक्नेछन्।गुणस्तरीय व्यवहार उपयोगी शिक्षाको माध्यमले हामी सुसंस्कृत र सभ्य नागरिक तयार गर्न चाहन्छौं।समृद्ध र विकसित समाज निर्माण गर्न चाहन्छौं।श्रममैत्री र उत्पादनशील नागरिक तयार गर्न चाहन्छौं।नागरिकलाई स्वाभिमानी आत्मनिर्भर हुन प्रोत्साहित गर्न चाहन्छौं।तर गुणस्तरीय शैक्षिक वातावरण चाहिन्छ ।स्थानीय पाठ्यपुस्तक निर्माण पश्चात त्यसको प्रभावकारी कार्यान्वयनमा स्थानीय तहले आवश्यक अनुगमन गर्ने,विद्यालयहरुले यसलाई कार्यान्वयन गर्दै लाने र आवश्यकताको आधारमा समयानुकुल बनाउँदै लैजाने हो भने यसको प्रभावकारिता अझै बढेर जाने हाम्रो विश्वास छ।

स्थानीय जात,जाति धर्म, सम्प्रदाय,भाषा,संस्कार,सभ्यता,मूल्यमान्यता,परम्परा,चाँडपर्व,गीत,संगीत आदिको बारेमा आवश्यक जानकारी गराइ आफनो परिवेश,सामाजिक, भौगोलिक,आर्थिक , सांस्कृतिक अवस्थाको बारेमा सुसूचित गराउनु स्थानीय पाठ्यक्रमको प्रमुख उद्देश्य हो।समावेशी तथा सबैको अपनत्व महशुस हुने खालका स्थानीय विषय वस्तुको पृष्ठभूमिमा निर्मित स्थानीय पाठ्यक्रमबाट आपसी सद्भाव,मेलमिलाप,सामुहिक कार्य,सहिष्णुता तथा राष्ट्रिय एकताको भावनाको विकासमा पनि सहयोग पुग्ने अपेक्षा राख्न सकिन्छ।विश्वयापी सोच,स्थानीय अभ्यास भन्ने स्थानीय पाठयपुस्तकको मूलमर्मलाई आत्मसात गर्दै ज्ञान,सीप,अभ्यास र परम्पराको जगेर्ना,संरक्षण,विकास र प्रचार प्रसारका लागि पनि स्थानीय पाठयपुस्तकको निर्माण र प्रयोग आवश्यक देखिन्छ।आफनो जन्मभूमि र स्थानीय परिवेशका विविध पक्षको बारेमा यथोचित जानकारी लिँदै आफनै माटोमा केही गरौं भावना विकास गर्नमा समेत यो पाठयपुस्तकले सहयोग गर्ने छ यस पाठयपुस्तकले गौर नगरको परिवेशलाई उच्च प्राथमिकता दिएको छ ।रौतहटको विशिष्ट अवस्थालाई समेटेको छ।हाम्रो ऐतिहासिक धरोहर बानेश्वरधाम हो।हाम्रो मौलिक कला,संस्कृतिलाई बुझ्ने अवसर दिएको छ।यस अर्थमा यो पाठयपुस्तक गौर नगरपालिकाले बनाएको छ भने हाम्रो विश्वास छ।

विद्यार्थीको आवश्यकता,अभिभावकको चाहनालाई सम्बोधन गर्दै स्थानीय परिवेशको जगमा टेकेर निर्माण गरिएको यस पाठ्यपुस्तकले गौर नगरपालिकाको पहिचान कायम राख्न सहयोग पुग्ने विश्वास लिएका छौं। स्रोत साधन र सम्भावना समेतलाई आधार बनाई ज्ञान,सीप र अभिबृत्तिको विकासमा यो पाठ्यपुस्तक एक कोशेढुङ्गा सावित हुनेछ। स्थानीय सरोकारवालाहरुको संलग्नतामा तयार गरिएको "गौर नगरपालिकाको पहिचान" नामक यस पाठयपुस्तकले गौरका विविध पक्षहरुको यथोचित जानकारी पनि दिएको छ। यो पाठयपुस्तक स्थानीय परिवेश सापेक्ष छ। यसले स्थानीय संस्कृति,संस्कार समेटेको छ। स्थानीय आवश्यकता र चाहना अबलम्बन गरेको छ। स्थानीय भाषा,संस्कृति,मूल्यमान्यता र संस्कारलाई आफनो विषयवस्तु बनाएको छ। स्थानीय भाषाभाषी, जातजाति,कला,धर्म,प्रचलन, पहिचान र सभ्यतालाई समेटेको छ। स्थानीय सरोकारवालाहरुलाई महत्त्व दिएको छ। स्थानीय सम्पदाको प्रचार प्रसार,विकास र संरक्षणलाई सघाएको छ। रैथाने सीप,प्रविधि र चालचलनलाई समयसमपेक्ष बनाउदै सरक्षण र प्रवर्धन गर्ने अभिष्ट राखेको छ। राष्ट्रिय पाठ्यक्रमले समेटन नसकेका तर स्थानीय आवश्यकताको रुपमा रेहका विषयवस्तुहरुलाई पास्केको छ। यस अर्थमा यो पाठ्यपुस्तक गौर नगरपालिकाको पहिचान कायम राख्न सफल हुनेछ भन्ने विश्वास लिएका छौं।

गौर नगरपालिकाले आफ्नो परिवेश अनुकूल स्थानीय पाठयक्रम निर्माण गरी शैक्षिक सत्र २०८२ देखि कार्यान्वयनमा ल्याउन सकेकोमा स्थानीय पाठ्यक्रम निर्माण कार्यदलका सदस्य ज्यूहरुलाई हार्दिक बधाई दिन चाहन्छु। नगरपालिकाले सुम्पिएको जिम्मेवारीलाई कुशलतापूर्वक निर्वाह गर्दै उक्त पाठ्यक्रमको आधारमा पाठ्यपुस्तक निर्माण गरी कार्यान्वयन योग्य बनाउनु भएकोमा अत्यन्त हर्षित छौं। यस पाठ्यपुस्तकलाई कार्यान्वयनमा ल्याउन गौर नगरपालिका अन्तर्गत विद्यालयका प्रधानाध्यापक , शिक्षक ,विद्यालय व्यवस्थापन समिति,अभिभावक, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण,ग्रामिण विकास केन्द्र लगायत सम्पूर्ण सरोकारवालाहरुलाई हामी हार्दिक अनुरोध गर्दछौं र कार्यान्वयनका लागि सहजीकरण गर्न समेत हामी प्रतिवद्ध रहनेछौं। स्थानीय पाठयपुस्तक आफैमा एक गतिशील दस्तावेज भएकाले आवश्यकतानुसार यसको समसमायिक परिमार्जन हुदैजाने व्यहोरा समेत अवगत गराउन चाहन्छौं।



**शम्भु साह**
**(नगर प्रमुख,गौर नगरपालिका)**

"शिक्षा, स्वास्थ्य, पूर्वाधार र व्यापार; सुन्दर,समृद्ध तथा समुन्नत गौरको आधार"

# गौर नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय

**गौर,रौतहट**

**मधेश प्रदेश,नेपाल**

## प्रमुख प्रशासकीय अधिकृतको भनाई

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान २०७२ ले विद्यालय तहको शिक्षा सम्बन्धी सम्पूर्ण अधिकार स्थानीय तहको कार्यक्षेत्र भित्र राखेपछि संविधानबाट प्राप्त अधिकार कार्यान्वयन गर्ने क्रममा राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ तथा एकीकृत पाठ्यक्रम २०७६ले हरेक स्थानीय तहलाई पाठयक्रम विकास तथा सोही अनुरुपको स्थानीय पाठयपुस्तक निर्माण गरी विद्यालयहरुमा कार्यान्वयन गर्न निर्देशित गरेको छ । यसै अनुसार गौर नगरपालिकाको आ.व. २०८१/२०८२ को स्वीकृत कार्यक्रमअनुसार स्थानीय पाठ्यपुस्तक निर्माण गरी नगरपालिका भित्रका सबै सामुदायिक विद्यालयहरुमा शैक्षिक सत्र २०८२ देखि कक्षा १ देखि ८ सम्म क्रमिक रुपमा लागु गर्ने लक्ष्य अनुसार स्थानीय पाठय-पुस्तक तयार गरिएको छ । यो स्थानीय पुस्तक नगरपालिका क्षेत्रभित्रका विशिष्ट पहिचानलाई समेटेको छ । यसबाट विद्यार्थीले औपचारिक रुपमा आफ्नो नगरपालिकाको भौगोलिक,धार्मिक,सांस्कृतिक तथा प्राकृतिक सम्पदाको पहिचान सहित बस्तुनिष्ठ ज्ञान प्राप्त गर्ने छन । साथै यस पाठयपुस्तकले विद्यार्थीहरुलाई नगरपालिका क्षेत्रमा रहेका व्यावसायिक क्षेत्रको पहिचान र सो सम्बन्धी ज्ञान तथा सिप समेत हासिल गराउने छ । रैथाने प्रविधि तथा परम्परागत सामाग्रीहरुलाई समेत यस पाठ्यपुस्तकले संरक्षण,संवर्द्धन र विकास गर्न सहयोग पुर्याउनेछ ।

यसै गरी यस स्थानीय पाठयपुस्तकले परम्परागत कला,कौशल,भाषा,भेषभूषा,संस्कृति असल आचरण समेतको विकास गरी विद्यार्थीहरुलाई असल एवं सक्षम नागरिक बन्न सघाउ पुर्याउने कुरामा विश्वास गर्न सकिन्छ । यो स्थानीय पाठ्यपुस्तक २०८२ सालको शैक्षिक सत्र देखि कक्षा १-८ मा क्रमिक रुपमा लागु गरिनेछ । पाठ्यपुस्तक विकास तथा निर्माण कार्यमा संलग्न रहनु हुने विज्ञ तथा विद्वान महानुभावहरु सबैलाई धन्यवाद दिन चाहन्छु । नगरपालिका भित्रका सामुदायिक तथा संस्थागत सबै विद्यालयले यो पाठ्यपुस्तकको महत्व र गरिमालाई आत्मसात गर्दै प्रभावकारी तारिकाले पठन पाठनलाई व्यवस्थित गर्नुहुने कुरामा म पूर्णरुपले विश्वस्त छु ।

**सुभाष कुमार ठाकुर**

**(प्रमुख प्रशासकीय अधिकृत)**

# गौर नगरपालिका

## स्थानीय पाठ्यपुस्तक

**प्रकाशकः-** **स्थानीय सरकार, गौर नगरपालिका,रौतहट ।**

© **सर्वाधिकारः-** **गौर नगरापलिका**

**संरक्षकः-** **स्थानीय सरकार, गौर नगरपालिका,रौतहट ।**

**सुझाव एंव सल्लाहकार**

१.श्री धीरेन्द्र कुमार लाल दास (कानुन अधिकृत,गौर न.पा.)

२.श्री उत्तम कुमार उपाध्याय (शिक्षा प्रमुख,गौर न.पा.)

३.श्री रौशन कुमार श्रीवास्तव (सूचना प्रविधि अधिकृत,गौर न.पा.)

**स्थानीय पाठ्यपुस्तक तयार/लेखन कार्यदल**

१.श्री नागेन्द्र प्रसाल मंडल (संयोजक,स्थानीय पाठ्यपुस्तक लेखन,गौर न.पा)

२.श्री शंकर ठाकुर (भाषा सम्पादन, पूर्व.मा.शि. नेपाली शिक्षक)

३.श्री साहेब कुमार पाठक (शिक्षक,कला सम्पादन)

४.श्री अब्दुल हक अंसारी (शिक्षक,लेआउट)

**प्रथम संस्करणः-** २०८२

*यस स्थानीय पाठ्यपुस्तक सम्बन्धी सम्पूर्ण अधिकार गौर नगरपालिकामा निहित रहेको छ। यसको पुरै वा आंशिक भाग जस्ताको त्यस्तै प्रकाशन गर्न पाइने छैन।*

# विषयसूची


| क्र.स. | विषयवस्तु | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १. | **गौरको परिचय** | १-५ |
| | (क) गौर नगरपालिकाको आफ्नो वडाको सामान्य पहिचान | १ |
| | (ख) पालिका संग सिमाना जोडएका पालिकाहरुको पहिचान | ३ |
| | (ग) रौतहट जिल्लाको नक्शामा आफ्नो पालिका पहिचान गर्न | ३ |
| | • विद्यार्थी सिकाइ उपलब्धि मूल्याङ्कन अभिलेख फाराम | ५ |
| २. | **धार्मिक ऐतिहासिक तथा पर्यटकीय स्थल** | ६-१२ |
| | (क) धार्मिक तथा ऐतिहासिक स्थल | ६ |
| | (ख) पुरेनवा दरबार | ८ |
| | (ग) श्री जुद्ध माध्यमिक विद्यालय गौर | ९ |
| | (घ) स्थानीय सम्पदाको संरक्षणका उपायहरु | १० |
| | • विद्यार्थी सिकाइ उपलब्धि मूल्याङ्कन अभिलेख फाराम | १२ |
| ३. | **स्थानीय भाषा र संस्कृति** | १३-१८ |
| | (क)स्थानीय भाषा | १३ |
| | (ख)आफ्नो परिवार र घरमा बोलिने भाषाको नाम | १४ |
| | (ग)लिपी | १४ |
| | (घ) गाँउघरमा मनाइने पर्वहरुको नाम र परिचय | १५ |
| | • विद्यार्थी सिकाइ उपलब्धि मूल्याङ्कन अभिलेख फाराम | १८ |
| ४ | **उधमशीलता** | १९-२५ |
| | (क) स्थानीय स्तरमा संचालित साना उधमहरु | १९ |
| | (ख) करेसाबारी र कैसी खेतीको परिचय | २१ |
| | (ग) गार्मेन्ट उधोगमा उत्पादन हुने सामाग्री | २२ |
| | (घ) स्थानीय स्तरमा उत्पादन हुने जुता,चप्पल,व्याग | २२ |
| | (ङ) माछापालनको परिचय दिन | २३ |
| | • विद्यार्थी सिकाइ उपलब्धि मूल्याङ्कन अभिलेख फाराम | २५ |
| ५. | **नैतिक शिक्षा र आचरण** | २६-३० |
| | (क) घर परिवार र विद्यालयमा गरिने अभिभावक | २६ |
| | (ख) आफू भन्दा श्रेष्ठजन उपस्थित भएमा आदर गर्ने | २६ |
| | (ग) हजुरबुवा,हजुर आमा र आफन्तहरुको सहयोग | २७ |
| | (घ) स्थानीय असल मूल्यमान्यताहरुको सूची बनाउन | २७ |
| | (ङ) प्राकृतिक प्रकोपको बेलामा सहयोग | २८ |


| | | |
|---|---|---|
| | • विद्यार्थी सिकाइ उपलब्धि मूल्याङ्कन अभिलेख फाराम | ३० |
| ६. | **वातावरण र सरसफाई** | ३१-३७ |
| | (क) वातावरणको परिचय र महत्व | ३१ |
| | (ख) विद्यालयमा बृक्षारोपण | ३२ |
| | (ग) आफ्नो व्यक्तिगत र घरको सरसफाइ | ३३ |
| | (घ) विद्यालयमा कक्षाकोठाको सरसफाइ | ३४ |
| | (ङ) फोहोरमैलाको वर्गीकरण | ३५ |
| | • विद्यार्थी सिकाइ उपलब्धि मूल्याङ्कन अभिलेख फाराम | ३७ |
| ७ | **संस्था,व्यक्ति र शहिदको परिचय** | ३८-४४ |
| | (क) नगरपालिका भित्रका विद्यालय र पुस्तकालयको पहिचान | ३८ |
| | (ख) प्रादेशिक अस्पतालमा हुने सेवाहरु | ४० |
| | (ग) गौर नगरपालिका भित्रका प्रथम कम्प्युटर शिक्षा दिने संस्था | ४१ |
| | (घ)गौर नगरपालिका भित्र संचालित सामुदायिक विद्यालयका प्र.अ. | ४१ |
| | • विद्यार्थी सिकाइ उपलब्धि मूल्याङ्कन अभिलेख फाराम | ४४ |
| ८ | **स्थानीय विपद** | ४५-५० |
| | (क) विपद्को सामान्य परिचय | ४५ |
| | (ख)बाढी,डुवान र वर्षा | ४६ |
| | (ग) आगलगी | ४७ |
| | (घ)सर्प दंश | ४८ |
| | (ङ) सडक दुर्घटना | ४९ |
| | • विद्यार्थी सिकाइ उपलब्धि मूल्याङ्कन अभिलेख फाराम | ५० |
| ९ | **बालबालिकाको स्वास्थ्य सुरक्षा** | ५१-५९ |
| | (क) सुरक्षित स्वस्थ र खुशी भएर बाँच्न पाउनु | ५१ |
| | (ख) स्वस्थ सम्बन्धहरु | ५१ |
| | (ग) पालो पर्खने बानी | ५२ |
| | (घ) व्यक्तिको सम्मान र मानव अधिकार | ५५ |
| | (ङ) ईन्टरनेट र अनलाईन खेल | ५६ |
| | • विद्यार्थी सिकाइ उपलब्धि मूल्याङ्कन अभिलेख फाराम | ५९ |

# पाठ - १ गौरको परिचय

सि.उ.सं.-३ पाठ्यभार-१५

## (क) गौर नगरपालिकाको र आफ्नो वडाको सामान्य परिचय

### गौर नगरपालिका




गौर नगरपालिका मधेश प्रदेशको रौतहट जिल्लामा अवस्थित छ। गौर नगरपालिकाले २०४९ बैशाख २४ गते देखि कार्य संचालन गरेको थियो।यस नगरपालिकामा जम्मा ९ओटा वडाहरु रहेका छन्।यस पालिकाको मुख्य पेसा कृषि,ज्याला मजदुरी, पशुपालन सेवा र व्यापार हुन् ।मुख्य बोलिने भाषा बज्जिका,मैथिली,नेपाली, भोजपुरी, हिन्दी हुन्।वि.स.२०७८ सालको जनगणना अनुसार यस पालिकाको कुल जनसंख्या ३९,८४६ रहेको छ।यस पालिकामा बस्ने जातिहरु कानु,कल्वार,तेली,मुस्लिम, ब्राह्मण,यादव, मलाह,बिन,पासवान,मारवाडी,कुर्मी,कायस्थ,बनिया,केशरी,राजपूत,कोइरी,तत्मा,चमार,डोम आदि हुन्।यस नगरपालिकाको कुल क्षेत्रफल २१.५३ वर्ग कि.मी. रहेको छ ।

वडा नं.२ को उत्तरमा विद्यापति नगर वडा नं.३,दक्षिणमा भारत, पूर्वमा वडा नं.१ र पश्चिममा लालबकैया नदी पर्दछ।यस वडाको कुल जनसंख्या ४,४४५ छ।यस वडाको कुल क्षेत्रफल ०.८७ वर्ग कि.मी. छ।यस वडामा नेपालको चौथो पुरानो विद्यालय श्री जुद्ध नमुना माध्यामिक विद्यालय,बानेश्वर धाम जसमा दुर्लभ कछुवा आकार भएको शिव लिङ्ग शिव मन्दिरमा स्थापित छ।मधेश प्रदेशको दोस्रो लामो झोलुङ्गे पुल (२५९ मी.) लालबकैया नदीमा बनेको छ ।यो ठाँउ स्थानीय पर्यटकीय स्थलको रुपमा विकसित भइरहेको छ।

## (प) तल दिइएका प्रश्नहरुको उत्तर दिनुहोस् ।

(अ) तपाईको पालिकाको नाम के हो ?

(आ) आफ्नो वडाको परिचय दिनुहोस् ।

(इ) गौर नगरपालिकाको क्षेत्रफल कति छ ?

(ई) तपाईको वडाको क्षेत्रफल कति छ ?

(उ) तपाईको वडामा बस्ने मुख्य दुई जातिको नाम भन्नुहोस् ।

(ऊ) तपाईको पालिकामा बस्ने मुख्य तीन जातिको नाम भन्नुहोस् ।

## (फ) तल दिइएका प्रश्नहरुको उत्तर लेख्नुहोस् ।

(अ) आफ्नो वडाको चौहदी लेख्नुहोस् ।

(आ) आफ्नो पालिकामा बस्ने मुख्य जातिहरुको नाम लेख्नुहोस् ।

(इ) गौर नगरपालिका कहिले देखि संचालन भएको थियो ?

(ई) गौर नगरपालिकाको मुख्य पेसाहरुको नाम लेख्नुहोस् ।

## (ब) जोडा मिलाउनुहोस् ।

| | | |
|---|---|---|
| (अ) पालिकाको क्षेत्रफल | | (क)३९८४६ |
| (आ) पालिकाको कुल जनसंख्या | | (ख) ०.८७ वर्ग कि.मी. |
| (इ) वडा नं.२ को कुल जनसंख्या | | (ग) २१.५३वर्ग कि.मी. |
| (ई) वडा नं.२ को क्षेत्रफल | | (घ) ४४४५ |

## (भ) खाली ठाउँ भर्नुहोस् ।

(अ) गौर नगरपालिकाको कुल जनसंख्या ______ छ ।

(आ) वडा नं.२ को क्षेत्रफल ______ वर्ग कि.मी. छ ।

(इ) गौर नगरपालिकामा वडाको संख्या ______ छ ।

(ई) गौर नगरपालिकाको क्षेत्रफल ______ वर्ग कि.मी. छ ।

## (ख) पालिका सँग सिमाना जोडिएका पालिकाहरूको पहिचान

रौतहट जिल्लाको नक्सा

गौर नगरपालिकाको उत्तरमा राजपुर नगरपालिका,दक्षिणमा भारत (विहार) ,पूर्वमा राजदेवी नगरपालिका र पश्चिममा ईशनाथ नगरपालिका पर्दछ।




दिइएको चित्र हेरौं र छलफल गरौं ।

## (प) तल दिइएका प्रश्नको उत्तर दिनुहोस् ।

(अ) गौर नगरपालिकाको पूर्वमा कुन पालिका पर्दछ ?

(आ) गौर नगरपालिकाको पश्चिममा कुन पालिका पर्दछ ?

(इ) गौर नगरपालिकाको उत्तरमा कुन पालिका पर्दछ ?

(ई) गौर नगरपालिकाको दक्षिणमा कुन पालिका पर्दछ

## (ग) रौतहट जिल्लाको नक्सामा आफ्नो पालिका पहिचान गर्न




चित्र हेरौं र छलफल गरौं ।

रौतहट जिल्लाको नक्सामा दक्षिण पट्टि भारतको सिमाना संगै टाँसिएको गौर नगरपालिका हो। यसको उत्तरमा राजपुर नगरपालिका पर्दछ। पूर्वमा राजदेवी नगरपालिका र पश्चिममा ईशनाथ नगरपालिका पर्दछ। गौर नगरपालिकाको स्थापना २०४८ सालमा भएको हो ।

## (प) तल दिइएका प्रश्नहरुको उत्तर लेख्नुहोस् ।

(अ) रौतहट जिल्लाको नक्सामा गौर नगरपालिका कहाँ छ ?

(आ) इशनाथ नगरपालिका गौर नगरपालिकाको कुन दिशामा पर्दछ ?

(इ) राजपुर नगरपालिका गौर नगरपालिकाको कुन दिशामा पर्दछ ?

(ई) भारत विहारको सिमाना गौर नगरपालिकाको कुन दिशामा पर्दछ ?

(उ) राजदेवी नगरपालिका गौर नगरपालिकाको कुन दिशामा पर्दछ ?

## परियोजना कार्य

**१.तपाई बसेको टोलको नाम,वडा नं.,सिमाना बारे आफ्नो अभिभावकबाट सुनेर कापीमा लेखी कक्षाकोठामा सुनाउनुहोस् ।**

# गौर नगरपालिका

अनुसूची-३

## विद्यार्थी सिकाइ उपलब्धि मूल्याङ्कन अभिलेख फाराम

विषयः-स्थानीय विषय पाठको नामः- गौरको परिचय

विद्यालयको नामः-................. कक्षाः- ४

महिनाः-वैशाख -९ + जेष्ठ -६ = १५ सि.उ.सं.:- ३ सि.उ.अंक:- १२

| रौल नं | विद्यार्थीको नाम | उपस्थित | | प्रयोगात्मक तथा परियोजना कार्य(सुनाई ,बोलाई,पढाई,लेखाई) | | | | | | | | | | थिमगत उपलब्धी संख्या | | | कुल १६ | सिकाई उपलब्धि प्रतिशत | ग्रेड | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सं | अं | १ | | २ | | ३ | | ४ | | ५ | | हाल | विगत | जम्मा | | | | |
| | | | | क | ख | क | ख | क | ख | क | ख | क | ख | १२ | - | १२ | | | | |
| १ | राधा कुमारी | १४ | ३.७ | २ | ३ | ४ | ४ | ३ | ४ | - | - | - | - | ११ | - | ११ | १४.७ | ९२ | A+ | |
| २ | राजु कुमार | १३ | ३.५ | ३ | ३ | २ | ३ | २ | ३ | - | - | - | - | ९ | - | ९ | १२.५ | ७८ | B+ | |
| ३ | नाज खातुन | १५ | ४ | ३ | ४ | ३ | ३ | ४ | ४ | - | - | - | - | ११ | - | ११ | १५ | ९४ | A+ | |
| ४ | माला कुमारी | १४ | ३.७ | ४ | ४ | २ | ४ | ३ | ३ | - | - | - | - | ११ | - | ११ | १४.७ | ९२ | A+ | |
| ५ | कृष्ण कुमार | १३ | ३.५ | २ | ३ | ३ | ३ | २ | ४ | - | - | - | - | १० | - | १० | १३.५ | ८४ | A | |
| ६ | | | | | | | | | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | | | | | | | | | | |
| १० | | | | | | | | | | | | | | | | | | | | |
| ११ | | | | | | | | | | | | | | | | | | | | |
| १२ | | | | | | | | | | | | | | | | | | | | |
| १३ | | | | | | | | | | | | | | | | | | | | |

(क) नियमित पढाई पछि मूल्याङ्कन

(ख) थप सहायता पछि मूल्याङ्कन

विषय शिक्षकको नामः-

सही प्रधानाध्यापकको सही

# पाठ-२ धार्मिक ऐतिहाँसिक तथा पर्यटकीय स्थल

सि.उ.सं.-४ पाठ्यभार-१५

## (क) धार्मिक तथा ऐतिहासिक स्थल





**बानेश्वरधाम**

मधेश प्रदेशको रौतहट जिल्लामा गौर नगरपालिका वडा नं.२ महादेवपट्टी बस्तीमा ५०० बर्ष पुरानो अवस्थित एउटा ऐतिहासिक शिव मन्दिर छ। मंदिर भित्र रहेको शिवलिङ्गको आकार चित्रमा देखाए जस्तै कछुवा आकारको छ ।जसको परीक्षण पुरातत्व विभागले समेत गरिसकेको छ।यस शिवलिङ्गको दर्शन मात्रले मनोवाञ्छित फल प्राप्त हुने विश्वास रहेको छ।यहाँ बर्षको दुई पटक वसन्त पञ्चमी (सरस्वती पूजा) र महाशिवरात्रिमा भव्य रुपले मेला लाग्दछ ।

## (प) तल दिइएका मौखिक उत्तर दिनुहोस् ।

(अ) वानेश्वरधाम मन्दिर गौर नगरपालिकाको कुन वडामा अवस्थित छ ?

(आ) वानेश्वर मन्दिरमा स्थापित शिवलिङ्गको आकार कस्तो छ ?

(इ) वानेश्वरधाम मन्दिरको स्थापना लगभग कति वर्ष अगाडि भएको थियो ?

(ई) वानेश्वरधाम मन्दिरमा कति ओटा ढोकाहरु छन् ?

(उ) वानेश्वरधाममा वर्षको कति पटक मेला लाग्छ ?

(ऊ) वानेश्वरधाम मन्दिरको मुख्य द्वार कुन दिशामा छ ?




राम मंदिर

राम मन्दिर गौर नगरपालिकाको वडा नं. ५ मा अवस्थित छ। यस मन्दिरको स्थापना वि.स १९९६ सालमा गरिएको थियो। यस मंदिरको जिर्णोद्वार गौर नगरपालिका द्वारा वि.स. २०८० साल माघ महिना ८ गतेमा गरिएको थियो। जसको समुद्घाटन नगर प्रमुख श्री शम्भु साह ज्यूले गर्नु भएको थियो। यो मन्दिर २ तल्ले छ। यस मन्दिरमा श्री रामजी र माता सीताजीको अति आकर्षक प्रतिमा स्थापित गरिएको छ। मंदिरको ठिक अगाडि संकटमोचन हनुमानजीको प्रतिमा स्थापना गरिएको छ। पुरानो मान्यता अनुसार हनुमानजीको दर्शन गरेपश्चात रामजी र माता सीताको दर्शन अति फलदायी र शुभ मानिन्छ।

## (प) तल दिइएका प्रश्नहरुको उत्तर लेख्नुहोस् ।

(अ)राम मन्दिरको स्थापना वि.स. कति सालमा गरिएको थियो?

(आ)चित्रमा दिइएको राम मन्दिर गौर नगरपालिकाको कति नं. वडामा पर्दछ ?

(इ) राम मन्दिरको जिर्णोद्वार वि.स. कति सालमा कसको सहयोगमा गरिएको थियो ?

(ई) राम मन्दिर कति तल्लाको छ ?

(उ) श्रीराम र मातासीताको प्रतिमा कुन तल्लामा स्थापित गरिएको छ ?

(ऊ) हनुमानजीको प्रतिमा कुन ठाँउमा स्थापित गरिएको छ ?

## (फ) जोडा मिलाउनुहोस् ।

| | | |
|---|---|---|
| पूर्व दिशा फर्केको | ☐ | (अ) वडा नं.-५ |
| स्थापना | ☐ | (आ) राम सीताको मूर्ति |
| पश्चिम दिशा फर्केको | ☐ | (इ) वडा नं-४ |
| राम मंदिरको वडा | ☐ | (ई) वि.सं.१९९६ |
| | | (उ) हनुमानजीको मूर्ति |

## (ख) पुरेनवा दरबार



गौर नगरपालिकाको वडा नं. ८ मा अवस्थित पुरेनवा दरबार करिब १०१ वर्ष पहिले वि.स.१९८०/०८१ मा निर्माण गरिएको थियो। यो दरबार तिन तल्ले छ। यस दरबारमा अहिले नेपली सेनाको नारायण दल गण बसिरहेको छ। यो दरबार राणा शासन कालमा जनरल श्री तुङ्ग शमसेर जङ्ग बहादुर राणाले स्थापना गर्नुभएको थियो। अहिले यस दरबारको स्वामित्त्व नेपाल सरकारको छ।

### (प) तल दिइएका प्रश्नहरुको उत्तर लेख्नुहोस् ।

(अ) पुरेनवा दरबार वि.स. कति सालमा कसको पालामा स्थापना गरिएको थियो ?

(आ) यो दरबार कति तल्लाको छ ?

(इ) पुरेनवा दरबार कति वर्ष पहिला स्थापना गरिएको थियो ?

(ई) यस दरबारमा अहिले को बसिरहनु भएको छ ?

(उ) पुरेनवा दरबारको स्वामित्त्व कसको छ ?

- **घण्टाघर**



मधेश प्रदेशको रौतहट जिल्लामा गौर नगरपालिकाको वडा नं.३ र ५ को मध्यमा घण्टाघर निर्माण गरिएको छ। यसको उचाइ २५.३०मिटर(८३फिट)छ। घण्टाघरको निर्माण वि.स. २०८१ पुस ३० गतेमा सम्पन्न गरिए तापनि यसको समुद्घाटन वि.स. २०८२ साल कार्तिक महिना ०२ गते नगर प्रमुख श्री शम्भु साहले गर्नुभएको छ। यसलाई रंगी विरंगी वल्वहरुले सजाइएको छ ।

## (प) तलका प्रश्नहरुको उत्तर लेख्नुहोस् ।

(अ) घण्टाघरको निर्माण कुन सालमा सम्पन्न गरिएको थियो ?

(आ) घण्टाघरको कुन खण्डमा कति ओटा घडी जडान गरिएको छ ?

(इ) घण्टाघर कति खण्डको छ ? यसको कुन खण्डमा मूर्ति स्थापना गरिएको छ ?

(ई) घण्टाघरको समुद्घाटन कहिले र कसले गर्नुभएको थियो ?

## (फ) खाली ठाँउ भर्नुहोस् ।

(अ) घण्टाघरको उचाइ ..............................मिटर छ ।

(आ) घण्टाघर वडा नं. ............ र ............. मा पर्दछ ।

(इ) घण्टाघरको निर्माण (स्थापना) वि.स. ............सालमा सम्पन्न गरिएको थियो ।

(ई) घण्टाघरको समुद्घाटन वि.स. ......साल ........ महिना .......गते भएको थियो ।

## (ग) श्री जुद्ध माध्यामिक विद्यालय, गौर



मधेश प्रदेश, रौतहट जिल्ला, गौर नगरपालिका वडा नं. २ मा वि.स. १९९६ सालमा श्री जुद्ध हाई ईङ्गलिस स्कुल हाल श्री जुद्ब माध्यामिक विद्यालय गौरको नाममा स्थापना गरिएको थियो। यो विद्यालय नेपालको चौथो पुरानो विद्यालय हो।यस विद्यालयको स्थापना राणा शासनकालमा जनरल श्री तुङ्ग शम्शेर, जंग बहादुर राणा , श्री मान बहादुर तहबिल्दार र सेठ श्री बलदेव दासले गर्नुभएको थियो।अहिले यस विद्यालयमा बालविकास/पूर्व प्राथमिक कक्षा देखि कक्षा १२ सम्मको कक्षाहरु संचालित भइरहेका छन्।यस विद्यालयमा लगभग ३००० विद्यार्थीहरु अध्ययनरत छन्।कक्षा ९ र १० मा कम्प्युटर विषय पढाइ भइरहेको छ भने कक्षा ११ र १२ मा विज्ञान, शिक्षा र वाणिज्य संकायका अध्ययन अध्यापन भइरहेको छ।यस विद्यालयमा नेपाली र अंग्रेजी दुबै माध्यममा अध्यापन भइरहेको छ।

## (प) तलका प्रश्नहरुको उत्तर लेख्नुहोस् ।

(अ) जुद्ध माध्यमिक विद्यालयको स्थापना कहिले र कसको पालामा भएको थियो ?

(आ) जुद्ध माध्यमिक विद्यालयमा कति कक्षा देखि कति कक्षा सम्मको अध्यापन गराइन्छ ?

(इ) जुद्ध माध्यमिक विद्यालयमा कक्षा ११ र १२ मा कुन कुन विषय अध्यापन गराईन्छ ?

(ई) जुद्व माध्यमिक विद्यालयमा हाल विद्यार्थीहरुको संख्या कति छ ?

## (घ) स्थानीय सम्पदाको संरक्षणका उपायहरु








स्थानीय सम्पदा जस्तैः बानेश्वरधाम,घण्टाघर,जु.मा.वि.गौर, पुरेनवा दरबार, सूर्यनारायण मंदिर,राममन्दिर मध्ये घण्टाघर र सूर्यनारायण मंदिर बाहेक अन्य स्थानीय सम्पदाको

मर्मत सम्भार पटक पटक भइसकेको छ। यदि उक्त स्थानीय सम्पदा बाहेक अन्य स्थानीय सम्पदाको संरक्षण नभएको भए उक्त सम्पदा हाल बिग्री सकेको हुन्थ्यो। उक्त स्थानीय सम्पदालाई आवश्यकता अनुसार समय समयमा संरक्षण गर्ने उपायहरु निम्न बमोजिम छन्।

- पलास्टर झरेको ठाँउमा प्लास्टर गरेर रङ्ग रोगन गर्ने ।
- पानी चुहिने ठाँमा मर्मत गर्ने ।
- पुरै ठाँउमा रङ्ग रोगन गर्ने ।
- भुई बिग्रेको छ भने मर्मत गर्ने ।
- झ्याल ढोका मर्मत तथा रङ्ग रोगन गर्ने ।
- फलामे डण्डी/ग्रिलमा रेड अक्साईड लगाएपछि इनामेल पेन्ट लगाउने ।

## (प) तल दिइएका प्रश्नहरुको उत्तर लेख्नुहोस्।

(अ) स्थानीय सम्पदाको संरक्षण गर्ने कुनै २ उपायहरु लेख्नुहोस् ।

(आ) फलामे डण्डी/ग्रिलपट्टिमा खिया लागेको भए कसरी संरक्षण गर्न सकिन्छ?

(इ) प्लास्टर बिग्रेमा त्यसको संरक्षण कसरी गर्न सकिन्छ ?

(ई) पानी चुहिएको ठाँउमा कसरी संरक्षण गर्ने ?

## परियोजना कार्य

१.तपाईले ऐतिहासिक बानेश्वरधाम मंदिरको बारेमा आफ्नो अभिभावकबाट सुनेर कापीमा लेखी कक्षा कोठामा सुनाउनुहोस् ।

२. तपाईले ऐतिहासिक पुरेनवा दरबारको बारेमा आफ्नो अभिभावकबाट सुनेर कापीमा लेखी कक्षा कोठामा सुनाउनुहोस् ।

३. तपाईले ऐतिहासिक श्री जुद्ध मा.वि.गौरको बारेमा आफ्नो अभिभावकबाट सुनेर कापीमा लेखी कक्षा कोठामा सुनाउनुहोस् ।

# गौर नगरपालिका

अनुसूची-३

## विद्यार्थी सिकाइ उपलब्धि मूल्याङ्कन अभिलेख फाराम

विषयः-स्थानीय विषय

पाठको नामः- द्यार्मिक ऐतिहासिक तथा पर्यटकीय स्थल

विद्यालयको नामः-.................

कक्षाः- ४

महिनाः- जेष्ठ -१५ सि.उ.सं.:- ४ सि.उ.अंक:- १६

| रौल नं | विद्यार्थी को नाम | उपस्थित | | प्रयोगात्मक तथा परियोजना कार्य(सुनाई ,बोलाई,पढाई,लेखाई) | | | | | | | | | | थिमगत उपलब्धी संख्या | | | कुल ३२ | सिकाई उपलब्धि प्रतिशत | ग्रेड | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सं | अं | १ | | २ | | ३ | | ४ | | ५ | | हाल | विगत | जम्मा | | | | |
| | | | | क | ख | क | ख | क | ख | क | ख | क | ख | १६ | १२ | २८ | | | | |
| १ | राधा कुमारी | १३ | ३.५ | ३ | ४ | ४ | ४ | ३ | ४ | २ | ३ | - | - | १५ | ११ | २६ | २९.५ | ९२ | A+ | |
| २ | राजु कुमार | १४ | ३.७ | ४ | ४ | २ | ३ | २ | ३ | ३ | ३ | - | - | १३ | ९ | २२ | २५.७ | ८० | A | |
| ३ | नाज खातुन | १४ | ३.७ | २ | ३ | ३ | ३ | ४ | ४ | ३ | ४ | - | - | १४ | ११ | २५ | २८.७ | ९० | A+ | |
| ४ | माला कुमारी | १५ | ४ | ३ | ४ | २ | ४ | ३ | ३ | ४ | ४ | - | - | १५ | ११ | २६ | ३० | ९४ | A+ | |
| ५ | कृष्ण कुमार | १३ | ३.५ | ४ | ४ | ३ | ३ | २ | ४ | २ | ३ | - | - | १४ | १० | २४ | २७.५ | ८६ | A | |
| ६ | | | | | | | | | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | | | | | | | | | | |
| १० | | | | | | | | | | | | | | | | | | | | |
| ११ | | | | | | | | | | | | | | | | | | | | |
| १२ | | | | | | | | | | | | | | | | | | | | |
| १३ | | | | | | | | | | | | | | | | | | | | |

(क) नियमित पढाई पछि मूल्याङ्कन

(ख) थप सहायता पछि मूल्याङ्कन

विषय शिक्षकको नामः-

सही

प्रधानाध्यापकको सही

**पाठ - ३**

# स्थानीय भाषा र संस्कृति

सि.उ.सं-४ पाठ्यभार-१५

## (क) स्थानीय भाषा

भाषाः जुन साधनको मार्फत हामी आफ्नो कुरा अरु सम्म पुर्याउँछौं र अरुको कुरा बुझ्छौं त्यो नै स्थानीय भाषा हो ।

**भाषाको रुप**

**मौखिक भाषा** **लिखित भाषा** **सांकेतिक भाषा**

- **मौखिक भाषाः** आफ्ना मनको कुरा बोलेर अरुलाई बुझाउनु र अरुले बोलेका कुरा सुनेर आफै बुझ्नुलाई नै मौखिक भाषा भनिन्छ।सबै भन्दा बढी प्रयोग हुने मौखिक भाषा हो।
- **लिखित भाषाः** आफ्नो कुरा लेखेर अरु सम्म पुर्याउनु तथा अरुले लेखेको कुरा पढेर आफै बुझ्नु नै लिखित भाषा हो ।
- **साँकेतिक भाषाः** संकेत वा इशाराले आफ्नो कुरा अरुलाई बुझाउनु र अरुले गरेको संकेत वा इशारा हेरेर आफै बुझ्नुलाई नै सांकेतिक भाषा भनिन्छ।यो भाषा बोल्न र लेख्न सकिदैन ।
- **मातृभाषाः**जुन भाषा आफ्ना बुबाआमा, घरपरिवार बाट बालबालिकाले सिक्दछन् त्यसलाई नै मातृभाषा भनिन्छ।एउटा बज्जिका भाषी परिवारको बालबालिकाको मातृभाषा बज्जिका हुन्छ ।

## (ख) तलका प्रश्नहरुको उत्तर लेख्नुहोस् ।

(अ) भाषाको परिभाषा लेख्नुहोस् ।

(आ) भाषाको रुप लेख्नुहोस् ।

(इ) सबै भन्दा बढी भाषाको कुन रुपको प्रयोग गरिन्छ ?

(ई) मातृभाषाको परिभाषा लेख्नुहोस् ।


(उ) तपाई आफ्नो परिवारमा कुन भाषाको प्रयोग गर्नुहुन्छ ?

(ऊ) मौखिक भाषाको परिभाषा लेख्नुहोस् ।

(ए) लिखित भाषाको परिभाषा लेख्नुहोस् ।

(ऐ) सांकेतिक भाषाको परिभाषा लेख्नुहोस् ।

## (ख) आफ्नो परिवार र गाँउमा बोलिने भाषाको नाम




गौर नागरपालिका भित्र बिसोवास गरि राख्नु भएका समुदायहरुमा प्रायः प्रयोग गरिने स्थानीय भाषा, बज्जिका, भोजपुरी, हिन्दी, नेपाली, उर्दु र मैथिली हुन्। उपर्युक्त भाषाहरु मध्ये नै आ-आफ्ना घरपरिवारमा,विद्यालयमा,बाजारमा,छिमेकीहरु सँग बोल्ने वा सुन्निने गरेको पाइन्छ।

## (प) तलका प्रश्नहरुको उत्तर लेख्नुहोस् ।

(अ) कुनै ४ स्थानीय भाषा को नाम लेखनुहोस्।

(आ) आफ्नो घरपरिवारमा बोलिने भाषाको नाम लेख्नुहोस्।

(इ) आफ्नो विद्यालयमा पढाइ हुने भाषाको नाम लेख्नुहोस्।

(ई) तपाई आफ्नो साथीसँग कुन भाषामा कुरा गर्नुहुन्छ ?

## (ग) लिपी

**लिपीः** मौखिक ध्वनिलाई लिखित रुपमा प्रस्तुत गर्नका लागि निश्चित गरिएको वर्ण लेखाइको विधिलाई लिपी भनिन्छ ।लिपी धेरै प्रकारका हुन्छन्। स्थानीय भाषाको लिपी यस प्रकार छ ।

| भाषा | लिपी |
|---|---|
| संस्कृत | देवनागरी |
| उर्दु | फारसी |
| हिन्दी | देवनागरी |
| नेपाली | देवनागरी |
| बज्जिका | देवनागरी/कैथी |
| मैथिली | देवनागरी |

**देवनागरी लिपीको विकास ब्राह्मी लिपी बाट भएको हो ।**

## (प) जोडा मिलाउनुहोस् ।

| | |
|---|---|
| नेपाल (   ) | फारसी (अ) |
| उर्दु (   ) | कैथी (आ) |
| बज्जिका (   ) | देवनागरी (ई) |

## (फ) तल दिइएका प्रश्नहरुको उत्तर लेख्नुहोस् ।

(अ) लिपी के लाई भनिन्छ ?

(आ) देवनागरी लिपीको विकास कुन लिपी बाट भएको छ ?

(इ) संस्कृत भाषा कुन लिपीमा लेखिन्छ ?

(ई) मैथिली भाषा को लिपी लेखनुहोस्।

(उ) बज्जिका भाषा कुन लिपीमा लेखिन्छ ?

## (घ) गाँउमा मनाइने पर्वहरूको नाम र परिचय



छठ पर्व



होली




ईद मुवारक




रक्षाबंधन



तीज



सतुआन

## गाँउमा मनाइने पर्वहरुको नाम

| महिना | पर्वको नाम |
|---|---|
| वैशाख | सतुआन,जुडशीतल |
| श्रावण | रक्षा बन्धन |
| भदौ | तीज,जरजटिन/चौरचन |
| असोज | दशै, झिझिया |
| कार्तिक | छठ,समाचकवा, दिपावली |
| माघ | सरस्वती पूजा, मकरसक्रान्ति |
| फागुन | होली,महाशिवरात्रि |

यस नगरपालिकामा मनाइने मुख्य पर्वहरु जस्तै,

**बैशाखः** यस महिनामा सतुआन र जुडशीतल पर्व मनाइन्छ।सतुआन पर्वमा सतुवा र आँपको टिकोलाको प्रयोग गरिन्छ।त्यस्तै जुडशीतलमा ठूलावडाले बिहानै सानालाई टाउकोमा पानी राखेर आशीर्वाद दिनुहुन्छ।यस पर्वमा माटोपानी एक अर्कालाई लगाएर खेल्ने गरिन्छ ।

**श्रावणः** यस महिनाको पूर्णिमाका दिन दिदीबहिनीले दाइ भाइलाई रक्षा बन्धन गर्ने टिका, मिठाइ र फलफूल खुवाउने गर्नुहुन्छ भने दाइ भाइले दिदीबहिनीलाई दक्षिणा स्वरुप रुपैंया, कपडा आदि दिने परम्परा छ।

**भदौः** यस महिनामा तीज पर्व,चौरचन र जारजतिन पर्व मनाइन्छ ।

**असोजः** यस महिनामा दशै पर्वमा भव्य रुपले दुर्गा माताको पंडाल सजाएर,नवमी र दशमीको दिन मेला लाग्ने गर्दछ।झिझिया पर्व पनि यसै महिनामा मनाइन्छ।

**कार्तिकः**यस महिनामा हिन्दुहरुको महान् पर्व छठ धुमधामका साथ मनाइन्छ।छठ पर्वको व्रत बस्नेलाई ४८ घण्टा सम्म उपवास रहनु पर्ने हुन्छ।यसै महिनामा समाचकवा पर्व पनि मनाइन्छ।

**माघः**यस महिनामा तिला सकरात तथा सरस्वती पूजा भव्य रुपले मनाइन्छ।सरस्वती पूजामा विद्यार्थीहरु श्रद्धा भक्ति सहित माँ सरस्वतजी को मूर्तिलाई पूजा अर्चना गर्छन्।

**ईद पर्वः** यो पर्व प्रत्येक तीन वर्ष एउटै महिनामा मनाइन्छ, त्यसपछि पुनः३ वर्ष अर्को महिनामा मनाइन्छ।यसै क्रमले महिना परिवर्तन भइरहेको हुन्छ।यो पर्व इस्लाम धर्ममा खुशीको पर्व मानिन्छ ।

**फाल्गुणः** यस महिनामा धुमधामका साथ होली पर्व मनाइन्छ।यो पर्व रंग, अविर लगाएर मनाउने गरिन्छ।

## (प) जोडा मिलाउनुहोस् ।

| | | |
|---|---|---|
| बैशाख | | होली (अ) |
| श्रावण | | दिपावली (आ) |
| भदौ | | छठ (इ) |
| असोज | | झिझिया (ई) |
| कार्तिक | | जटजटिन (उ) |
| माघ | | रक्षा बन्धन(ऊ) |
| फाल्गुण | | सतुआन(ए) |

## (फ) तलका प्रश्नहरुको उत्तर दिनुहोस् ।

(अ) तपाईलाई मन पर्ने कुनै चार ओटा पर्वहरुको नाम लेख्नुहोस् ।

(आ) श्रावण महिनामा कुन पर्व मनाइन्छ ? यो पर्व कुन तिथिमा मनाइन्छ ?

(इ) कार्तिक महिनामा कुन पर्व मनाइन्छ ? त्यस पर्वको बारेमा लेख्नुहोस् ।

(ई) फाल्गुण महिनामा कुन पर्व मनाइन्छ ? त्यस पर्वमा के को प्रयोग गरेर मनाइन्छ ?

## (ब) खाली ठाउँ भर्नुहोस् ।

(अ) ईद पर्व प्रत्येक ______ वर्ष एउटै महिनामा मनाइन्छ ।

(आ) सरस्वती पूजा ______ तिथिका दिन मनाइन्छ ।

(इ) लक्ष्मी पूजा ______ महिनामा मनाइन्छ ।

(ई) ______ महिनामा शिवरात्रि पूजा मनाइन्छ ।

(उ) अबिर गुलाल प्रयोग गरी ______ पर्व मनाइन्छ ।

### परियोजना कार्य

१.तपाईको घरमा मनाइने छठ पर्वको प्रत्यक्ष अवलोकन गरी आफ्ना आमा बुबासँग सोधपुछ गरी प्रयोगात्मक काँपीमा लेखेर सम्बन्धित शिक्षकलाई कक्षाकोठामा बुझाउनुहोस् ।

२.तपाईको घरमा मनाइने ईद पर्वको प्रत्यक्ष अवलोकन गरी आफ्ना आमा बुबासँग सोधपुछ गरी प्रयोगात्मक काँपीमा लेखेर सम्बन्धित शिक्षकलाई कक्षाकोठामा बुझाउनुहोस्।

# गौर नगरपालिका

अनुसूची-३

# विद्यार्थी सिकाइ उपलब्धि मूल्याङ्कन अभिलेख फाराम

विषयः-स्थानीय विषय पाठको नामः- स्थानीय भाषा र संस्कृति

विद्यालयको नामः-................. कक्षाः- ४

महिनाः- अषाढ -२४ सि.उ.सं.:- ४ सि.उ.अंक:- १६

| रौल नं | विद्यार्थीको नाम | उपस्थित | | प्रयोगात्मक तथा परियोजना कार्य(सुनाई ,बोलाई,पढाई,लेखाई) | | | | | | | | | | थिमगत उपलब्धी संख्या | | | कुल ५२ | सिकाई उपलब्धि प्रतिशत | ग्रेड | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सं | अंक | १ | | २ | | ३ | | ४ | | ५ | | हाल | विगत | जम्मा | | | | |
| | | | | क | ख | क | ख | क | ख | क | ख | क | ख | २० | २८ | ४८ | | | | |
| १ | राधा कुमारी | २३ | ३.८ | २ | ३ | ४ | ४ | ३ | ४ | २ | ३ | ३ | ४ | १८ | २६ | ४४ | ४७.८ | ९२ | A+ | |
| २ | राजु कुमार | २४ | ४ | ४ | ४ | २ | ३ | २ | ३ | ३ | ३ | ४ | ४ | १७ | २२ | ३९ | ४३ | ८३ | A | |
| ३ | नाज खातुन | २२ | ३.७ | ३ | ४ | ३ | ३ | ४ | ४ | ३ | ४ | २ | ३ | १८ | २५ | ४३ | ४६.७ | ९० | A+ | |
| ४ | माला कुमारी | २३ | ३.८ | ४ | ४ | २ | ४ | ३ | ३ | ४ | ४ | ३ | ४ | १९ | २६ | ४५ | ४८.८ | ९४ | A+ | |
| ५ | कृष्ण कुमार | २२ | ३.७ | ३ | ४ | ३ | ३ | २ | ४ | २ | ३ | ४ | ४ | १८ | २४ | ४२ | ४५.७ | ८८ | A | |
| ६ | | | | | | | | | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | | | | | | | | | | |
| १० | | | | | | | | | | | | | | | | | | | | |
| ११ | | | | | | | | | | | | | | | | | | | | |
| १२ | | | | | | | | | | | | | | | | | | | | |
| १३ | | | | | | | | | | | | | | | | | | | | |

(क) नियमित पढाई पछि मूल्याङ्कन

(ख) थप सहायता पछि मूल्याङ्कन

विषय शिक्षकको नामः-

सही प्रधानाध्यापकको सही

पाठ - ४


# उद्यमशीलता

सि.उ.सं-५ पाठ्यभार -१५

## (क) स्थानीय स्तरमा संचालित साना व्यवसाय(उद्यम)हरू :








## उद्यमशीलता:

उद्यमशीलता भनेको एउटा व्याक्ति वा समूहले मौका चिनेर जोखिम लिएर नयाँ व्यवसाय (उद्यम) स्थापित गर्ने र संचालित गर्ने एउटा प्रक्रिया हो ।

उद्यमशील

उद्यमी | उद्यम


**उद्यमी:** एउटा किसान आफ्नो जग्गामा वाली उब्जाउँछ भने उहाँ उद्यमी हो ।


**उद्यम:** किसानको खेतीको काम उद्यम हो ।

- प्रत्येक उद्यमको (व्यवसाय) पछाडि एउटा उद्यमी हुन्छ ।
- प्रत्येक उद्यमी सँग एउटा उद्यम हुन्छ यो आवश्यक छैन ।

**उद्योग:** उद्योग एउटा त्यस्तो प्रक्रिया हो जसमा कच्चा सामग्री लाई मूल्यवान उत्पादन (वस्तु) मा परिवर्तन गर्दछ ।

उदाहरण: कपासको रुख बाट कपडा बनाउनु ।




## स्थानीय स्तरमा संचालित साना व्यवसाय



**बाँसको काम:** कच्चा पदार्थ बाँसबाट तयार गरिएको दाउरा, डगरी, डालो, पँखा, ढकिया, आदि को प्रयो प्राय धेरै वर्ष देखि हुँदै आएको पाइन्छ । यो काम एउटा जाति विशेषले गर्दै आएको छ । प्राय: घरमा बाँस बाट तयार गरिएका सामग्रीहरु मध्य कुनै न कुनै सामग्री उपयोग गरिन्छ ।



**ब्युटी पार्लर:** स्थानीय स्तरमा ब्युटी पार्लरको व्यवसाय दिन प्रतिदिन बढ्दै गएको छ। महिलाहरुले शुभ विवाह, पूजा, बर्तबन्ध, निकाह आदिमा आफूलाई बढी आकर्षक बनाउन ब्युटी पार्लरमा जाने गर्दछन् ।

**माटाको कामः** स्थानीय स्तरमा सजिलै उपलब्ध हुने माटाबाट विभिन्न सामग्री जस्तैः कलश, दिअउरी, चौमुख, ढकना,सर्वा आदि उत्पादन गरिन्छ ।



## (प) तल दिइएका प्रश्नहरुको उत्तर लेख्नुहोस् ।

(अ) उद्यमशीलताको परिभाषा लेख्नुहोस्।

(आ) उद्यमीको परिभाषा लेख्नुहोस् ।

(इ) उद्यम (व्यवसाय) परिभाषा लेख्नुहोस् ।

(ई) उद्योगको परिभाषा लेख्नुहोस् ।

## (फ) खाली ठाउँमा उपयुक्त शब्द राखी भर्नुहोस् ।

(अ) किसान खेतमा वाली उब्जाउँछ भने उहाँ ______ हो ।

(आ) प्रत्येक उद्यमी सँग एउटा ______ हुन्छ ।

(इ) कच्चा सामग्रीलाई मूल्यवान ______ मा परिवर्तन गर्दछ ।

(ई) दूध बाट पनिर बनाउनुमा दूध ______ र पनिर ______ हो।

## (ब) जोडा मिलाउनुहोस् ।

| | | |
|---|---|---|
| बाँस | ☐ | पनिर (अ) |
| माटो | ☐ | कपडा (आ) |
| कपास | ☐ | दिअउरी (इ) |
| दूध | ☐ | सुपा (डगरी) (ई) |

## (ख) करेसाबारी र कौसी खेतीको परिचय दिन

**करेसाबारीः** करेसाबारी भन्नाले घर वरिपरि वा नजिको जग्गामा साग सब्जी, फलफूल लगाइने सानो व्यवस्थित बगैंचालाई बुझाउँछ ।





**कौसी खेतीः** घर वरपर जग्गा रहेको वा नरहेको अवस्थामा घरको छतमा साग सब्जी,फलफूल वा अरु बाली लगाइने सानो व्यवस्थित बगैंचालाई कौसी खेती भनिन्छ।

## (प) तलका प्रश्नहरुको उत्तर लेख्नुहोस् ।

(अ) कौसी खेती भनेको के हो ?

(आ) करेसाबारी भनेको के हो ?

(इ) कौसी खेतीको कुनै दुई ओटा फाइदाहरु लेख्नुहोस् ।

(ई) करेसाबारीको कुनै तीन ओटा फाइदाहरु लेख्नुहोस् ।

## (ग) गारमेंन्ट उद्योगमा उत्पादन हुने सामग्रीहरुको नाम र प्रयोग

स्थानीय रेडिमेड गारमेंन्टस उद्योगमा प्रायः थोक विक्रेता बाट कपडा ल्याएर आफ्नो उद्योगमा विभिन्न पोशाकहरु तयार गरेर बजारमा विक्री वितरण गरिन्छ।रेडिमेड कपडा मौसम अनुसार तयार गरिन्छ।जस्तैःपाइन्ट,सर्ट,फराक हुडी,ज्याकेट आदि।यस उद्योगले स्थानीय सरकारलाई कर बुझाएको हुन्छ।

## (प) तलका प्रश्नहरुको उत्तर लेख्नुहोस् ।

(अ) स्थानीय रेडिमेड गारमेंन्टस उद्योगमा उत्पादन तयार हुने कुनै ५ ओटा ड्रेसको नाम लेख्नुहोस्।

(आ) गारमेंन्टस उद्योगमा चाहिने कच्चा सामग्री स्थानीय प्रयोग गरिन्छ कि बाहिरको लेख्नुहोस्।

(इ) स्थानीय गारमेंन्टस उद्योग बाट स्थनीय सरकारलाई के फाइदा हुन्छ ?

## (घ) स्थानीय स्तरमा उत्पादन हुने जुत्ता, चप्पल, ब्याग



**स्थानीय जुत्ता,चप्पल उद्योगः** *यस उद्योगले कच्चा पदार्थ बाहिर बाट ल्याएर पनि केही मात्रामा जुत्ता चप्पलहरु तयार गर्छ।माग अनुसारको जुत्ता वा चप्पल पनि तयार गर्दछ।यस उद्योगमा अन्य जातिहरु पनि समावेश भएको पाइन्छ।बाँस र माटोको पेशा जस्तै यसमा पनि एउटै जाति समावेश भएको पाइन्छ ।*

*ब्याग उद्योग: स्थानीय ब्याग उद्योगले बजारको माग र आफ्नो विक्री गर्न ब्याग तयार गर्ने गर्दछ । ब्यागउद्योगमा विभिन्न जातजातिका मानिसहरु काम गरिरहेका पाइन्छन् ।*



## (प) तलका प्रश्नहरुको उत्तर लेख्नुहोस् ।

(अ) स्थानीय जुत्ता चप्पल बनाउँने साना उद्योगले बनाउँने जुत्ता कस्तो हुन्छ ?

(आ) स्थानीय जुत्ता चप्पल उद्योगमा कुन जातिको कामदार काम गरिरहेको हुन्छ ?


(इ) स्थानीय ब्याग उद्योगमा कुन जातिको कामदार काम गरिरहेको हुन्छ ?

(ई) स्थानीय ब्याग उद्योग बाट स्थानीय सरकारलाई के फाइदा हुन्छ ?

## (ङ) माछापालनको परिचय दिन

स्थानीय माछा पालनको उत्पादनमा बाढीले गर्दा ठूलो असर पारेको छ। माछापालन अहिले कृषकहरुको लागि नगदे वाली जस्तै भइसकेको छ ।






**रोहुमाछा:** यो माछा मन पराउँने धेरै छन्।यो माछा अन्य भन्दा केही महँगो हुन्छ। यस माछालाई छिट्टै वृद्वि गर्न दिनमा २ पटक कृत्रिम आहार दिनुपर्छ।

**कौमन कार्प:** यो माछा पनि धेरै पालन गरिन्छ।यो माछा सर्वहारी हो।यसलाई पनि कृत्रिम आहार दिनु पर्छ।यो माछा ५ महिनामा १ किलोग्राम को हुन्छ।

**ग्रास कार्प:** यो माछा साकाहारी हो।यो कृत्रिम आहार मात्र खान्छ।लेउ,घाँस,केराको पात पनि खान्छ।यो माछा ६महिनामा २किलोग्राम सम्मको हुन्छ।पानीको गहिराइ १.५ मिटर देखि २.५ मिटर सम्म हुनुपर्छ।

## (प) तलको खाली ठाउँ भर्नुहोस् ।

(अ) बढी उत्पादन गरिने माछा ______ प्रकारको हुन्छ ।

(आ) रोहु माछा सबै भन्दा ______ छ ।

(इ) ग्रास कार्प माछा ______ हो ।

(ई) कौमन कार्प ______ महिनामा १ किलोग्रामको हुन्छ।

### परियोजना कार्य

१. तपाईले आफ्नो बुबासंग बाँसको कामबारे सुनेर कापी लेखेर कक्षाकोठामा साथीहरुलाई सुनाउने ।

२.तपाईले आफ्नो बाजे संग माटोको कामबारे सुनेर कापीमा लेखेर कक्षाकोठामा साथीहरुलाई सुनाउने ।

# गौर नगरपालिका

अनुसूची-३

## विद्यार्थी सिकाइ उपलब्धि मूल्याङ्कन अभिलेख फाराम

विषयः-स्थानीय विषय | पाठको नामः- उद्यशिलता

विद्यालयको नामः-................. | कक्षाः- ४

महिनाः- भदौ -२० | सि.उ.सं.:- ५ | सि.उ.अंकः- २०

| रौल नं | विद्यार्थीको नाम | उपस्थित | | प्रयोगात्मक तथा परियोजना कार्य (सुनाई ,बोलाई,पढाई,लेखाई) | | | | | | | | | | थिमगत उपलब्धी संख्या | | | कुल २४ | सिकाई उपलब्धि प्रतिशत | ग्रेड | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सं | अं | १ | | २ | | ३ | | ४ | | ५ | | हाल | विगत | जम्मा | | | | |
| | | | | क | ख | क | ख | क | ख | क | ख | क | ख | २० | - | २० | | | | |
| १ | राधा कुमारी | २० | ४ | ३ | ४ | ४ | ४ | २ | ३ | २ | ३ | ३ | ४ | १८ | - | १८ | २२ | ९२ | A+ | |
| २ | राजु कुमार | १९ | ३.८ | २ | ३ | २ | ३ | ४ | ४ | ३ | ३ | ४ | ४ | १७ | - | १७ | २०.८ | ८७ | A | |
| ३ | नाज खातुन | १८ | ३.६ | ४ | ४ | ३ | ३ | ३ | ४ | ३ | ४ | २ | ३ | १८ | - | १८ | २१.६ | ९० | A+ | |
| ४ | माला कुमारी | १९ | ३.८ | ३ | ३ | २ | ४ | ४ | ४ | ४ | ४ | ३ | ४ | १९ | - | १९ | २२.८ | ९५ | A+ | |
| ५ | कृष्ण कुमार | १८ | ३.६ | २ | ४ | ३ | ३ | ३ | ४ | २ | ३ | ४ | ४ | १८ | - | १८ | २१.६ | ९० | A | |
| ६ | | | | | | | | | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | | | | | | | | | | |
| १० | | | | | | | | | | | | | | | | | | | | |
| ११ | | | | | | | | | | | | | | | | | | | | |
| १२ | | | | | | | | | | | | | | | | | | | | |
| १३ | | | | | | | | | | | | | | | | | | | | |

(क) नियमित पढाई पछि मूल्याङ्कन

(ख) थप सहायता पछि मूल्याङ्कन

विषय शिक्षकको नामः-

सही

प्रधानाध्यापकको सही

# पाठ - ५ नैतिक शिक्षा र आचरण

सि.उ.सं-५

पाठ्यभार-१५

## क) घर परिवार र विद्यालयमा गरिने अभिवादन

**नैतिक शिक्षाः** नैतिक शब्द *नीति +इक* मिलेर बनेको हो।जसको अर्थ नीतिहरुको पालन गर्नु हो।नैतिक शिक्षा त्यस्तो व्यावहारिक शिक्षा हो जसको माध्यमबाट असल मानिस,असल समाज,असल चरित्र र असल व्यवहार निर्माण गर्न सकिन्छ।नैतिक शिक्षाले घरपरिवारमा आफ्ना बुबा आमा सँग, विद्यालयमा आफ्ना गुरु र साथीहरु सँग कस्तो व्यवहार गर्नुपर्ने हो भन्ने कुराको ज्ञान दिन्छ ।

**घर परिवारः** घर परिवारमा आफू भन्दा ठूला बाजे, बज्यै, आमा, बुबालाई आदर तथा सानालाई माया गर्नुपर्छ।घर परिवारको कुनै सदस्य सँग झुटो बोल्नु हुँदैन।

**विद्यालयः** विद्यालयमा आफ्ना गुरुलाई नमस्कार गर्नुको साथै साथी भाइहरुसँग मेलमिलाप गरेर बस्नुपर्छ।विद्यालय समयमा जानुपर्छ।गृहकार्य सम्बन्धित विषय शिक्षक सँग जाँच गराउनुका साथै गुरुले पढाउनुभएका विषयवस्तुलाई राम्ररी सुन्नु र बुझ्नुपर्दछ।

### (प) तल दिइएका प्रश्नहरुको उत्तर लेख्नुहोस् ।

(अ) नैतिक शिक्षा भनेको के हो ?

(आ) नैतिक शिक्षाबाट हुने फाइदाहरु लेख्नुहोस् ।

(इ) घर परिवारमा गरिने अभिवादन बारे लेख्नुहोस् ।

(ई) विद्यालयमा गरिने अभिवादन बारे लेख्नुहोस् ।

## (ख) आफू भन्दा जेष्ठजन उपस्थित भएमा आफ्नो आसनबाट अभिवादन

श्री आधारभूत विद्यालयमा पाँचौ घण्टीमा स्थानीय विषयको पठनपाठन भइरहेको बेला स्थानीय तहबाट कक्षा अनुगमन गर्न आउनु भएका सरलाई हामी सम्पूर्ण कक्षाका विद्यार्थीहरु आ-आफ्नो सिटबाट एकसाथ उभिएर नमस्कार गरेर अभिवादन गर्यौं । उहाँले बस्न भनेपछि पुनःआ-आफ्नो ठाँउमा बस्यौं ।





## (प) तलका प्रश्नहरुको उत्तर दिनुहोस् ।

(अ) कक्षाकोठामा अनुगमन गर्न आउँदा तपाई के गर्नुहुन्छ ?

(आ) कक्षाकोठामा शिक्षक आउँदा तपाई कसरी अभिवादन गर्नुहुन्छ ?

(इ) कक्षाकोठामा आफू भन्दा जेष्ठजन उपस्थित भएमा तपाई के गर्नुहुन्छ ?

## (ग) हजुरबुबा, हजुआमा र आफन्तहरुको सहयोग गर्न

आफ्नो घर परिवारमा मान्यजनलाई उचित सम्मान गरेर मात्र माया,ममता र स्नेह प्राप्त गर्न सकिन्छ। हजुरबुबा, हजुरआमालाई उहाँहरुको काममा सहयोग गर्ने, भाइ बहिनीको हेरचाह गर्ने, उनीहरुलाई माया गर्ने, घरमा आउँने पाहुना सँग मिठो बोल्ने आदि विद्यार्थीका प्रमुख कर्तव्य हुन्। हजुरबुबा आमाले भनेको मान्ने ।

## (प) खाली ठाउँ भर्नुहोस् ।

(अ) घर परिवारमा मान्यजनलाई ________ सम्मान गर्ने ।

(आ) हजुरबुबा-आमाले ________ मान्ने ।

(इ) हजुरबुबा-आमाको काममा ________ गर्ने ।

(ई) आफ्ना भाइबहिनीको ________ गर्ने ।

## (घ) स्थानीय असल मूल्य मान्यताहरूको सूची बनाउन




### स्थानीय असल मूल्य र मान्यताहरु:

- ✓ असल नीतिहरुको पालना
- ✓ असल व्यवहार निर्माण
- ✓ असल चरित्र निर्माण
- ✓ असल समाज निर्माण
- ✓ असल मानिस निर्माण

- ➢ घुलमिल र मेलमिलाप
- ➢ भेटघाट तथा विनम्रता
- ➢ अनुभव आदान प्रदान
- ➢ सामूहिक सोच र भावना
- ➢ सामाजिक कार्यमा सहयोग

- ❖ आत्मअनुशासनको विकास
- ❖ मर्यादित व्यवहार
- ❖ संयमित र सभ्य आचरण

उल्लिखित स्थानीय असल मूल्य मान्यतालाई व्यावहारिक शिक्षाको माध्यमले नैतिक शिक्षा मार्फत असल व्याक्ति, असल समाज, असल चरित्र तथा सम्वृद्व स्थानीय नगरपालिका निर्माण गर्न सकिन्छ ।

## (प) तलका प्रश्नहरुको उत्तर दिनुहोस् ।

(अ) स्थानीय कुनै ४ असल मूल्य मान्यताहरुको सूची लेख्नुहोस् ।

(आ) असल चरित्र निर्माण गर्न कुन शिक्षामा जोड दिनुपर्छ ?

(इ) व्यावहारिक र सैद्वान्तिक शिक्षा मध्ये नैतिक नियमहरु पालना गर्न कुन शिक्षाको बढी प्रयोग गरिन्छ ?

## (ङ) प्राकृतिक प्रकोपको बेलामा सहयोग




बाढी पहिरो



आगजनी

यस स्थानीय तहको पूर्वमा बागमती र पश्चिममा लालबकैया नदी रहेकाले बाढीबाट वर्षेनी क्षति हुन जान्छ ।

**बाढी**:'बाढी' नदीमा पानी बढेर आउँदाको अवस्था हो।बाढी अधिक मात्रामा पानी एकत्र हुनु हो।प्रायःजसो वर्षा याममा अत्याधिक पानी परेपछि नदीमा बाढी आउँछ।यस अवस्थामा सहयोगी भावनाको प्रयोग गर्नुपर्छ ।




बाढी पहिरोबाट उद्धार

**प्रकोपः** प्रकोप भन्नाले प्रकृतिको कुनै अशान्त घटना वा भौतिक घटना जसले मानिसहरुमा क्षति, विनाश जनाउँछ।

**प्राकृतिक प्रकोपः** यो एक प्रकारको प्राकृतिक घटना हो जसले व्याक्तिको सामाजिक तथा आर्थिक पक्षलाई क्षति पुर्याउँछ।यस अवस्थामा सक्दो सहयोग गर्नुपर्छ ।

**आगलगीः** आगलागीका कारण अक्सिजन, इन्धन र ताप वा घर्षणको संयोजनबाट रासायनिक प्रतिक्रिया हुन गई आगो उत्पन्न हुन्छ।यस्तो संयोजन प्रकृतिमा आफै पनि हुन सक्छ वा मानवीय कारणले पनि आगलागी हुन सक्छ।यो घटना भएमा आगो निभाउन आवश्यक सहयोग पुर्याउनु पर्दछ ।




## (प) तलका प्रश्नहरुको उत्तर लेख्नुहोस् ।

(अ) बाढीको परिभाषा लेखुहोस् ।यसमा सहयोग कसरी गर्नुपर्छ ?

(आ) बाढी आउने कारण लेखुहोस्।

(इ) प्रकोप भनेको के हो ?

(ई) प्राकृतिक प्रकोप भनेको के हो ?

(उ) आगलागी हुने कारण लेखुहोस् ।

(ऊ) आगलागी वा अन्य कुनै घटना भएमा कसरी एक अर्कालाई सहयोग गर्नु र लिनुपर्छ ?

## परियोजना कार्य

**१. तपाईले आफ्नो घरमा आमाबाबु संग असल मूल्यमान्यताहरुको बारेमा सुनेर आफ्नो घर परिवारमा गरिने व्यवहार बारे प्रयोगात्मक कपीमा लेखेर कक्षा शिक्षकलाई बुझाउने।**

# गौर नगरपालिका

अनुसूची-३

## विद्यार्थी सिकाइ उपलब्धि मूल्याङ्कन अभिलेख फाराम

विषयः-स्थानीय विषय　　　　पाठको नामः- नैतिक शिक्षा र आचरण

विद्यालयको नामः-................　　　　कक्षाः- ४

महिनाः- असोज -१७　　　　सि.उ.सं.:- ५　　　　सि.उ.अंकः- २०

| रौल नं | विद्यार्थीको नाम | उपस्थित | | प्रयोगात्मक तथा परियोजना कार्य(सुनाई ,बोलाई,पढाई,लेखाई) | | | | | | | | | | थिमगत उपलब्धी संख्या | | | कुल ४४ | सिकाई उपलब्धि प्रतिशत | ग्रेड | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सं | अं | १ | | २ | | ३ | | ४ | | ५ | | हाल | विगत | जम्मा | | | | |
| | | | | क | ख | क | ख | क | ख | क | ख | क | ख | २० | २० | ४० | | | | |
| १ | राधा कुमारी | १५ | ३.५ | ३ | ४ | ४ | ४ | २ | ३ | २ | ३ | ३ | ४ | १८ | १८ | ३६ | ३९.५ | ९० | A+ | |
| २ | राजु कुमार | १६ | ३.८ | ४ | ४ | २ | ३ | ४ | ४ | ३ | ३ | २ | ३ | १७ | १७ | ३४ | ३७.८ | ८६ | A | |
| ३ | नाज खातुन | १७ | ४ | २ | ३ | ३ | ३ | ३ | ४ | ३ | ४ | ४ | ४ | १८ | १८ | ३६ | ४० | ९१ | A+ | |
| ४ | माला कुमारी | १६ | ३.८ | ३ | ४ | २ | ४ | ४ | ४ | ४ | ४ | ३ | ३ | १९ | १९ | ३८ | ४१.८ | ९५ | A+ | |
| ५ | कृष्ण कुमार | १५ | ३.५ | ४ | ४ | ३ | ३ | ३ | ४ | २ | ३ | २ | ४ | १८ | १८ | ३६ | ३९.५ | ९० | A+ | |
| ६ | | | | | | | | | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | | | | | | | | | | |
| १० | | | | | | | | | | | | | | | | | | | | |
| ११ | | | | | | | | | | | | | | | | | | | | |
| १२ | | | | | | | | | | | | | | | | | | | | |
| १३ | | | | | | | | | | | | | | | | | | | | |

(क) नियमित पढाई पछि मूल्याङ्कन

(ख) थप सहायता पछि मूल्याङ्कन

विषय शिक्षकको नामः-


सही　　　　प्रधानाध्यापकको सही

# पाठ - ६ वातावरण र सरसफाइ

सि.उ.सं-५

पाठ्यभार-१५

## (क) वातावरणको परिचय र महत्व



सफा र स्वच्छ वातावरणमा मात्र स्वास्थ्य जीवन सम्भव छ। त्यसैले हामी सबै मिलेर वातावरण जोगाउने प्रयत्न गर्नुपर्दछ। वातावरण हाम्रो जीवनको आधार हो। यसले हामीलाई स्वच्छ हावा,पिउने पानी,खाना,बसोबास र स्वास्थ्य प्रदान गर्दछ। आज वातावरण दिन प्रतिदिन प्रदुषित हुँदै गएको छ। स्थानीय तहमा बढ्दो जनसंख्या, प्लास्टिकको प्रयोग,रुख विरुवा विनाश,सवारी साधनले फाल्ने धुँवा आदिले वातावरणलाई गम्भिर असर परिरहेको छ। वातावरण प्रदुषणका कारण ग्लोबल वार्मिङ,जलवायु परिवर्तन,रोगहरुको वृद्धि,प्राकृतिक प्रकोपहरु जस्ता समस्या देखा परेका छन्। यदि यिनलाई समयमै नियन्त्रण गरिएन भने भविष्यमा मानव अस्तित्व नै संकटमा पर्न सक्छ।

**वातावरण संरक्षणका उपायहरुः**

- प्लास्टिकको प्रयोग घटाउने
- हरित उर्जाको उपयोग गरेर
- सरसफाइमा विशेष ध्यान पुर्याएर
- वृक्षारोपण गरेर
- रुख विरुवा संरक्षण गरेर
- फोहोरमैला व्यवस्थापन गरेर ,आदि ।

## (ख) तलका प्रश्नहरुको उत्तर दिनुहोस् ।

(अ) हाम्रो जीवनको आधार के हो ?

(आ) वातावरणले हामीलाई के प्रदान गर्दछ ?

(इ) वातावरण संरक्षणका कुनै ४ उपायहरु भन्नुहोस् ।

(ई) वातावरण प्रदुषित हुनुका कारणहरु के-के हुन ?

(उ) स्वच्छ वातावरण बिना हाम्रो जीवन कस्तो हुन्छ ?

## (ख) विद्यालयमा वृक्षारोपण

विद्यालयमा वृक्षारोपण एउटा अत्यन्तै सकारात्मक र महत्त्वपूर्ण शैक्षिक क्रियाकलाप हो, जसले विद्यार्थीहरुमा वातावरणीय चेतना जगाउँछ। वृक्षारोपणले विद्यालय परिसरलाई हरियाली, सुन्दर र स्वच्छ बानाउन मद्दत गर्दछ ।



विद्यालयको खाली ठाँउमा वृक्षारोपण गर्दा विद्यार्थीहरुलाई स्वच्छ हावा सजिलै सँग प्राप्त हुने तथा हरियो पातहरु हेर्नाले आँखामा राम्रो असर पार्दछ। वृक्षारोपण कार्यक्रमबाट पर्यावरण संरक्षणमा ठुलो असर पर्दछ। वृक्षले हामीलाई चाहिने अक्सिजन प्रदान गर्दछ। वातावरण बिना हाम्रो जीवन सम्भव छैन।

**विद्यालयमा वृक्षारोपणका फाइदाहरुः**

- प्रदुषण न्यूनीकरण
- स्वच्छ वातावरण
- वातावरणीय चेतना
- खाली ठाँउको सदुपयोग
- वातावरण सन्तुलन राख्न सहयोग पुर्याउँछ ।

## (प) तलका प्रश्नहरुको उत्तर लेख्नुहोस् ।

(अ) वृक्षारोपणका कुनै ४ ओटा फाइदाहरु लेख्नुहोस् ।

(आ) वृक्षले हामीलाई के प्रदान गर्दछ ?

(इ) वृक्षारोपणले वातावरणमा कस्तो असर पार्दछ ?


(ई) विद्यालयको खाली ठाँउमा के लगाउँदा उपयुक्त हुन्छ ?

(उ) वृक्षारोपणले विद्यालयलाई कस्तो बनाउँछ ?

(ऊ) विद्यार्थीहरुलाई विद्यालयमा लगाइएको रुख बाट के फाइदा हुन्छ ?

## (ग) आफ्नो व्याक्तिगत र घरको सरसफाइ





व्याक्तिगत सरसफाइ एउटा दैनिक प्रक्रिया हो। आफ्नो शरीरका विभिन्न अङ्ग र समग्र शरीरलाई स्वस्थ, सफा राख्नु नै व्याक्तिगत सरसफाइ हो। जस्तै दाँत ब्रसले सफा गर्नु, हातमुख धुनु, नुहाउनु,नङ काट्नु, सफा कपडा लगाउनु,आफ्नो कपडा सफा गर्नु हो । व्याक्तिगत सरसफाइले रुघाखोकी, झाडापखाला, छालाको रोग जस्ता सरुवा रोगहरुबाट जोगाउँछ ।

### व्यक्तिगत सरसफाइ

| विवरण | क्रियाकलाप |
|---|---|
| नङ | नङ् समय समयमा काट्ने |
| लुगा | सफा लुगा लगाउने |
| हातको सरसफाइ | खाना खानु अघि र पछि, शौचालय प्रयोग गरेपछि साबुन पानीले राम्रो सँग हात धुने |
| दाँतको सरसफाइ | खाना खाएपछि ब्रसले दाँत सफा गर्ने |
| शरीर र कपालको सरसफाइ | दैनिक रुपमा नुहाउने र कपाल सफा गर्ने |





आफू बस्ने घर तथा वरपरको वातावरण सधैं सफा राख्नु पर्छ। सबै भन्दा पहिले भित्र देखि बाहिर सम्म कुचोले बढार्ने। यसका लागि राम्रो तथा नभाचिएको कुचो प्रयोग गर्नु राम्रो हुन्छ। घरको भुईं पुछन सफा कपडा प्रयोग गर्नु वेश हुन्छ। झ्याल ढोकालाई पनि सप्ताहमा एक पटक सफा गर्नुपर्छ। आफ्ना किताबहरुलाई मिलाएर राख्नुपर्छ ।

## (प) तलका प्रश्नहरुको उत्तर दिनुहोस् ।

(अ) व्याक्तिगत सरसफाइमा के-के गर्नुपर्दछ ?

(आ) व्याक्तिगत सरसफाइले के बाट जोगाउँछ ?

(इ) घरको सरसफाइ गर्दा के ले गर्नुपर्दछ ?

(ई) घरको सरसफाइ गर्दा के-के गर्नुपर्दछ ?

## (फ) जोडा मिलाउनुहोस् ।

| | |
|---|---|
| हातको सरसफाइ | कुचोले (अ) |
| दाँतको सरसफाइ | नुहाएर (आ) |
| कपालको सरसफाइ | ब्रसले (इ) |
| शरीरको सरसफाइ | साबुनले (ई) |
| घरको सरसफाइ | काँगियो (उ) |

## (घ) विद्यालयमा कक्षाकोठाको सरसफाइ




विद्यालयमा आफ्नो कक्षाकोठामा हामीले सधैं फोहोर गरेनौं भने सफा पनि गर्नु पर्दैन ।हामीले आफू पढ्ने कक्षाकोठा,खानेपानी धारा,शौचालय र खेलमैदान नियमित सरसफाइ गर्नुपर्छ। दैनिक ६ घण्टा समय बिताउने विद्यालय सफा भएन भने हामीलाई विभिन्न रोगहरु लाग्छ र हामी विद्यालयमा अनुपस्थित समेत हुन सक्छौं,जसको असर हाम्रो सिकाइ उपलब्धिमा पर्दछ।

➢ **विद्यालयमा कक्षाकोठा सफा राख्न पालना गर्नुपर्ने नियमहरुः**

- कक्षाकोठामा पढ्दा चुइगम, चकलेट तथा अन्य खानेकुरा खान नपाइने ।
- आफ्नो कक्षाकोठाको सरसफाइ पालैपालो गर्ने ।
- कक्षाकोठामा फोहोर नगर्ने ।

## (प) तलका प्रश्नहरुको उत्तर दिनुहोस् ।

(अ) विद्यालयमा (सरसफाइ लगायत अन्य) के-के नियमित सरसफाइ गर्नुपर्दछ ?

(आ) विद्यालयमा कति घण्टा बस्नुपर्दछ ?


(इ) विद्यालय सफा भएन भने हामीलाई के लाग्न सक्दछ ?

(ई) कक्षाकोठामा पालना गर्नुपर्ने नियमहरु के-के हुन् ?

## (ङ) फोहोरमैलाको वर्गीकरण

फोहोर भन्नाले कुनै सामग्री प्रयोग गरिसकेपछि अनावश्यक फाल्नुपर्ने वस्तुहरुलाई बुझिन्छ। फहोरमैलाले वातावरणमा नकारात्मक असर पार्दछ। घर, स्थानीय तह, साना उद्योग, स्वास्थ्य संस्थाहरुबाट निस्कने ठोस वा तरल पदार्थ फोहोरमैला हुन् ।

### फोहोरको वर्गीकरण




✓ **कुहिने फोहोरः** तरकारीको बोक्रा, खाना, पात पतिङ्गर, आदि ।

✓ **नकुहिने फोहोरः** प्लास्टिक, सिसा, धातु आदि ।

✓ **स्वास्थ्यजन्य फोहोरः** पन्जा, सिरिन्ज, कपास आदि ।

## (प) तलका प्रश्नहरुको उत्तर दिनुहोस् ।

(अ) फोहोर भन्नाले के बुझिन्छ ?

(आ) कुहिने फोहोर भन्नाले के बुझिन्छ ?

(इ) नकुहिने फोहोर भन्नाले के बुझिन्छ ? उदाहरण सहित लेख्नहोस् ।

(ई) फोहोरको वर्गीकरण गर्नुहोस् ।

## (फ) जोडा मिलाउनुहोस् ।

| | | |
|---|---|---|
| कुहिने फोहोर | | सिरिन्ज (अ) |
| नकुहिने फोहोर | | खाना (आ) |
| स्वास्थ्यजन्य फोहोर | | सिसा (इ) |

### परियोजना कार्य

१. तपाई आफ्नो घरको बारीमा लागउनु भएको रुखबारे आफ्नो बुबा आमासंग सुनेर कापीमा लेखेर कक्षाकोठामा साथीहरुलाई सुनाउनुहोस् ।

# गौर नगरपालिका

अनुसूची-३

## विद्यार्थी सिकाइ उपलब्धि मूल्याङ्कन अभिलेख फाराम

विषयः-स्थानीय विषय | पाठको नामः- वातावरण र सरसफाइ

विद्यालयको नामः-................. | कक्षाः- ४

महिनाः- कार्तिक -१० + मंसिर-१० = २० | सि.उ.सं.:- ५ | सि.उ.अंक:- २०

| रौल नं | विद्यार्थीको नाम | उपस्थित | | प्रयोगात्मक तथा परियोजना कार्य(सुनाई ,बोलाई,पढाई,लेखाई) | | | | | | | | | | थिमगत उपलब्धी संख्या | | | कुल ६४ | सिकाई उपलब्धि प्रतिशत | ग्रेड | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सं | अं | १ | | २ | | ३ | | ४ | | ५ | | हाल | विगत | जम्मा | | | | |
| | | | | क | ख | क | ख | क | ख | क | ख | क | ख | २० | ४० | ६० | | | | |
| १ | राधा कुमारी | २० | ४ | ४ | ४ | ३ | ४ | २ | ३ | ३ | ४ | २ | ३ | १८ | ३६ | ५४ | ५८ | ९१ | A+ | |
| २ | राजु कुमार | १८ | ३.६ | २ | ३ | ४ | ४ | ४ | ४ | २ | ३ | ३ | ३ | १७ | ३४ | ५१ | ५४.६ | ८५ | A | |
| ३ | नाज खातुन | १८ | ३.६ | ३ | ३ | २ | ३ | ३ | ४ | ४ | ४ | ३ | ४ | १८ | ३६ | ५४ | ५७.६ | ९० | A+ | |
| ४ | माला कुमारी | २० | ४ | २ | ४ | ३ | ४ | ४ | ४ | ३ | ३ | ४ | ४ | १९ | ३८ | ५७ | ६१ | ९५ | A+ | |
| ५ | कृष्ण कुमार | १९ | ३.८ | ३ | ३ | ४ | ४ | ३ | ४ | २ | ४ | २ | ३ | १८ | ३६ | ५४ | ५७.८ | ९० | A+ | |
| ६ | | | | | | | | | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | | | | | | | | | | |
| १० | | | | | | | | | | | | | | | | | | | | |
| ११ | | | | | | | | | | | | | | | | | | | | |
| १२ | | | | | | | | | | | | | | | | | | | | |
| १३ | | | | | | | | | | | | | | | | | | | | |

(क) नियमित पढाई पछि मूल्याङ्कन

(ख) थप सहायता पछि मूल्याङ्कन

विषय शिक्षकको नामः-

सही | प्रधानाध्यापकको सही

# पाठ - ७ संस्था, व्यक्ति र शहिदको परिचय

सि.उ.सं-४ पाठ्यभार-१५

## (क) नगरपालिका भित्रका विद्यालय र पुस्तकालयको पहिचान







**यस नगरपालिका भित्र संचालित विद्यालयहरुः**

विद्यालय
- सामूदायिक विद्यालय
- संस्थागत विद्यालय

**सामूदायिक विद्यालय**

| कक्षा १२ सम्म | कक्षा १० सम्म | कक्षा ८ सम्म | कक्षा ५ सम्म | कक्षा ३ सम्म |
|---|---|---|---|---|
| १ | ३ | ६ | ७ | २ |

**संस्थागत विद्यालय**

| कक्षा १२ सम्म | कक्षा १० सम्म | कक्षा ८ सम्म | कक्षा ५ सम्म | कक्षा ३ सम्म |
|---|---|---|---|---|
| ३ | २ | ६ | १२ | १ |

यस नगरपालिका भित्र दुई प्रकारका विद्यालयहरु संचालित छन् । सामूदायिक विद्यालय र संस्थागत विद्यालय। सामूदायिक विद्यालयमा कुनै प्रकारको शुल्क लाग्दैन। पाठ्यपुस्तक निःशुल्क वितरण हुन्छ। बालविकास देखि कक्षा ५ सम्मका विद्यार्थीहरुलाई दिवा खाजाको व्यवस्था गरिएको हुन्छ। त्यस्तै छात्रा छात्रवृति (कक्षा १-५),दलित छात्रवृति, अपाङ्ग छात्रवृति, कक्षा (६-१२)का छात्राहरुलाई स्यानिटरी प्याडको निःशुल्क व्यवस्था गरिएको छ। संस्थागत विद्यालयहरुमा विभिन्न शुल्कहरु लिइन्छ। संस्थागत विद्यालयमा सामूदयिक विद्यालय जस्तो सुविधाहरु दिइएको हुँदैन।

## (प) तलका प्रश्नहरुको उत्तर दिनुहास् ।


(अ) विद्यालय कति प्रकारको हुन्छ ?

(आ) सामूदायिक विद्यालयमा निःशुल्क प्राप्त हुने कुनै ३ सुविधाहरु के-के हुन् ?

(इ) यस नगरपालिकामा जम्मा कति वटा सामूदायिक विद्यालयहरु छन् ?

(ई) सामुदायिक विद्यालयाहरुमा दिवा खाजा कति कक्षा सम्म दिइन्छ ?

- **पुस्तकालय**




यस नगरपालिका भित्र एउटा मात्र पुस्तकालय छ । यस पुस्तकालयको नाम कलाकुन्ज पुस्तकालय हो। यसको स्थापना वि.स. १९९६ सालमा गरिएको थियो। यो पुस्तकालय गौर नगरपालिका वडा नं. ५ अस्पताल रोड (मुख्य सडक) मा छ । हाल यो पुस्तकालय ४ तल्ले भइसकेको छ ।पुस्तकालय कोठाहरु भाडामा लगाइएको छ ।पुस्तकलय भुइ तल्लामा छ ।

## (प) तलका प्रश्नहरुको उत्तर दिनुहोस् ।

(अ) कलाकुन्ज पुस्तकालयको स्थापना कुन सालमा गरिएको थियो ?

(आ) पुस्तकालय भवन कति तल्लाको छ ? पुस्तकालय कुन तल्लामा छ ?

## (ख) प्रादेशिक अस्पतालमा हुने सेवाहरु




अस्पताल तथा स्वास्थ्य संस्थाको न्यूनतम सेवा मापदण्ड कार्यान्वयन कार्यविधि २०७७ अनुसार आम नागरिकका लागि सरकारी, निजी, सामुदायिक, गैर सरकारी तथा सरकारी स्तरमा संचालित स्वास्थ्य सेवा प्रदायक स्वास्थ्य संस्थाहरुबाट प्रदान हुने प्रवर्द्धनात्मक, प्रतिरोधात्मक, उपचारत्मक, पुर्नस्थापनात्मक तथा प्रशामक (प्यालेटिभ) जस्ता स्वास्थ्य सेवाहरुको व्यवस्थापन सुदृढीकरण मार्फत सेवाहरुको गुणस्तर सुनिश्चितका लागि निर्धारित न्युनतम सेवा मापदण्ड जारी गरेको छ ।

### क्लिनिकल सेवाहरुः

(अ) बहिरङ्ग सेवा (ओ.पि.डि.)

(आ) खोप सेवा

(इ) परिवार नियोजन सेवा

(ई) ANC र PNC सेवाहरु

(उ) DOTS क्लिनिक

(ऊ) ड्रेसिङ्ग, इन्जेक्सन आदि

(ए) औषधी सेवा

(ऐ) बर्थिङ्ग केन्द्र

(ओ) प्रयोगशाला सेवा

### (प) तलका प्रश्नहरुको उत्तर दिनुहोस् ।

(अ) स्थानीय प्रादेशिक अस्पतालमा प्राप्त हुने कुनै ५ सेवाहरुको नाम लेख्नुहोस् ।


(आ) गौर प्रादेशिक अस्पतालमा OPD सेवा छ ? छ भने कस्तो छ ?

(इ) अस्पताल तथा स्वास्थ्य संस्थाको न्युनतम सेवा मापदण्ड कार्यान्वयन कार्यविधि कुन सालमा लागु गरिएको थियो ?

(ई) आम नागरिकको लागि स्वास्थ्य सेवा प्रदायक संस्थाहरुबाट प्राप्त हुने कुनै ३ सेवाहरु कुन कुन हुन ?

## (ग) गौर नगरपालिका भित्रका प्रथम कम्प्युटर शिक्षा दिने संस्था



यस नगरपालिका भित्रका प्रथम कम्प्युटर शिक्षा दिने संस्थाको नाम श्री जुद्ध माध्यमिक विद्यालय प्राविधिक शिक्षालय हो। यस शिक्षालयको स्वीकृति वि.स.२०५८सालमा CTEVT द्वारा गरिएको थियो। आज भन्दा २४ वर्ष अगाडि देखि नै कम्प्युटर शिक्षामा स्थानीय तहमा ठूलो योगदान पुर्याउँदै आएको छ। त्यो बेला एउटा मात्र रहेको प्राविधिक शिक्षालयले विद्यार्थी लगायत बैंक तथा विभिन्न कार्यालयका कर्मचारीहरुलाई शिक्षा दिएको थियो। २०५८ साल देखि CTEVT द्वारा संचालित सूचना प्रविधि ( Information Technology)को १८ महिने कोर्ष २०७६ साल देखि अध्यापन भइरहेको छ। स्थानीय तहमा Information Technology क्षेत्रमा यस स्थानीय तहको ठूलो योगदान छ। यस संस्थाबाट प्राप्त हुने प्रमाण पत्र pre diploma in computer engineering (IT) छ ।

## (प) तलका प्रश्नहरुको उत्तर दिनुहोस् ।

(अ) यस नगरपालिकामा प्रथम कम्प्युटर शिक्षा दिने संस्थाको नाम भन्नुहोस् ।


(आ) यस प्राविधिक शिक्षालयको स्विकृति कुन सालमा कुन संस्थाबाट भएको थियो ?

(इ) यस संस्थाबाट कति महिनाको सूचना प्रविधि कोर्ष गराइन्छ ?

(ई) यस संस्थावाट प्राप्त हुने प्रमाण पत्र कुन तहको छ? त्यसमा के लेखिएको हुन्छ ?

## (घ) गौर नगरपालिका भित्र संचालित सामूदायिक विद्यालयका प्र.अ. हरुको नामावली






## शैक्षिक सत्र-२०८२

| क्र.स. | विद्यालयको नाम | प्रधानाध्यापकको नाम |
|---|---|---|
| १ | श्री जुद्ध माध्यामिक विद्यालय, गौर-२ | श्री कामोद तिवारी |
| २ | श्री मा.वि. टिकुलिया, गौर-४ | श्री अनिल कुमार लाल दास |
| ३ | श्री मा.वि. गौर-५ | श्री वंशीधर झा |
| ४ | श्री स.मा.वि. सिसवा, गौर-७ | श्री कमरुल हक |
| ५ | श्री बैजनाथ आ.वि. गौर-२ | श्री राम कुमार पटेल |
| ६ | श्री आ.वि. महादेवपट्टी, गौर-२ | श्री नवल किशोर सिंह |
| ७ | श्री आ.वि. बालमन्दिर गौर-५ | श्री सरोज कुमार झा |
| ८ | श्री आ.वि. सपगढा, गौर-६ | श्री इस्लाम मियाँ |
| ९ | श्री आ.वि. पुरेनवा, गौर-८ | श्री गणेश प्रसाद यादव |
| १० | श्री रत्नकन्या आ.वि., गौर-९ | श्री भैरोजी यदव |
| ११ | श्री आ.वि., गौर-१ | श्री अजय कुमार मिश्र |
| १२ | श्री रामजानकी आ.वि., गौर-२ | श्री रीना कुमारी |
| १३ | श्री आ.वि. कारागार, गौर-३ | श्री सुकदेव मिश्र |
| १४ | श्री आ.वि. विद्यापती नगर, गौर-३ | श्री मोहन बैठा |
| १५ | श्री आ.वि. गढवा, गौर-४ | श्री राम राज प्रसाद |
| १६ | भगवती आ.वि. कुडवा, | श्री विजय कुमार सिंह |

## (प) तलका प्रश्नहरुको उत्तर दिनुहोस् ।

(अ) तपाईको आफ्नो विद्यालयको प्र.अ. को नाम लेख्नुहोस् ।

(आ) गौर नगरपालिकामा जम्मा कति वटा सामुदायिक विद्यालयहरु छन् ?

(इ) तपाई आफ्नो विद्यालयको नाम लेख्नुहोस् ।

(ई) गौर नगरपालिकामा कक्षा १-५ पढाइ हुने कति वटा विद्यालयहरु छन् ?

### परियोजना कार्य

१. तपाई अध्ययन गरिरहेको विद्यालय सम्बन्धमा आफ्ना बुबा आमा संग सुनेर कक्षाकोठामा साथीहरुलाई सुनाउनुहोस् ।

# गौर नगरपालिका

अनुसूची-३

## विद्यार्थी सिकाइ उपलब्धि मूल्याङ्कन अभिलेख फाराम

विषयः-स्थानीय विषय   पाठको नामः- संस्था ,व्यक्ति र शहिदको परिचय

विद्यालयको नामः-.................   कक्षाः- ४

महिनाः- मंसिर-११   सि.उ.सं.:- ४   सि.उ.अंक:- १६

| रौल नं | विद्यार्थीको नाम | उपस्थित | | प्रयोगात्मक तथा परियोजना कार्य(सुनाई ,बोलाई,पढाई,लेखाई) | | | | | | | | | | थिमगत उपलब्धी संख्या | | | कुल ६४ | सिकाई उपलब्धि प्रतिशत | ग्रेड | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सं | अं | १ | | २ | | ३ | | ४ | | ५ | | हाल | विगत | जम्मा | | | | |
| | | | | क | ख | क | ख | क | ख | क | ख | क | ख | २० | ४० | ६० | | | | |
| १ | राधा कुमारी | २० | ४ | ४ | ४ | ३ | ४ | २ | ३ | ३ | ४ | २ | ३ | १८ | ३६ | ५४ | ५८ | ९१ | A+ | |
| २ | राजु कुमार | १८ | ३.६ | २ | ३ | ४ | ४ | ४ | ४ | २ | ३ | ३ | ३ | १७ | ३४ | ५१ | ५४.६ | ८५ | A | |
| ३ | नाज खातुन | १८ | ३.६ | ३ | ३ | २ | ३ | ३ | ४ | ४ | ४ | ३ | ४ | १८ | ३६ | ५४ | ५७.६ | ९० | A+ | |
| ४ | माला कुमारी | २० | ४ | २ | ४ | ३ | ४ | ४ | ४ | ३ | ३ | ४ | ४ | १९ | ३८ | ५७ | ६१ | ९५ | A+ | |
| ५ | कृष्ण कुमार | १९ | ३.८ | ३ | ३ | ४ | ४ | ३ | ४ | २ | ४ | २ | ३ | १८ | ३६ | ५४ | ५७.८ | ९० | A+ | |
| ६ | | | | | | | | | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | | | | | | | | | | |
| १० | | | | | | | | | | | | | | | | | | | | |
| ११ | | | | | | | | | | | | | | | | | | | | |
| १२ | | | | | | | | | | | | | | | | | | | | |
| १३ | | | | | | | | | | | | | | | | | | | | |

(क) नियमित पढाई पछि मूल्याङ्कन

(ख) थप सहायता पछि मूल्याङ्कन

विषय शिक्षकको नामः-

सही   प्रधानाध्यापकको सही

# स्थानीय विपद



## (क) विपद्को सामान्य परिचय



आगलगी



बाढी पहिरो



शीतलहर



भूकम्प

कुनै स्थानमा आपात्कालिन अवस्था(आगलगी,बाढी,शीतलहर आदि)सिर्जना भई व्यक्तिको जीवन र सम्पति दुवै नोक्सान पुर्याउनुको साथ साथै दैनिक जीवनलाई अस्त व्यस्त पार्ने प्राकृतिक संकटलाई विपद भनिन्छ ।

**स्थानीय विपद**

आगलगी | शीतलहर | सर्प दंश | बाढी /पहिरो | सडक दुर्घटना | आँधी

## (प) तल दिइएका प्रश्नहरुको उत्तर दिनुहोस् ।

(अ) विपद् के लाई भनिन्छ ?

(आ) कुनै तीन स्थानीय विपद्को नाम लेख्नुहोस ।

(इ)तपाईले हेर्नु भएको कुनै दुई विपद्को नाम लेख्नुहोस ।

(ई) विपदबाट हुने कुनै दुई नोक्सानीहरु लेख्नुहोस् ।

## (ख) बाढी,डुबान र वर्षा




वर्षा याममा अत्याधिक पानी परेपछि नदी,खोला,तालमा पानीको बहाब अत्याधिक बढेर अगलबगलको सुख्खा जमिन डुबानमा परी पानीले ढाकने प्राकृतिक विपद नै बाढी हो । यस नगरपालिकाको पूर्वमा ठूलो नदी बागमती र पश्चिममा लाल बकैया रहेकाले वर्षेनी वर्षा याममा बाढीको धेरै सम्भावना रहन्छ।यो प्राकृतिक विपद्ले यस पालिकाका मानिसहरुलाई बर्षेनी जनधनको क्षति बेहोर्नु पर्ने हुन्छ।स्थानीय तहमा बाढीको प्रमूख कारणहरुः

(अ) **हिमाल पग्लिनुः** जलबायु परिवर्तनले हिमाल छिटो पग्लिदा यस पालिकाका पूर्व र पश्चिममा रहेका दुई ठूला नदीहरु क्रमशः बागमती र लालबकैया नदीमा पानीको बहाबमा अत्याधिक बृद्धि हुनाले ।

(आ) अतिबृष्टि र मनसुनः- लगातार केही दिन सम्म अत्याधिक वर्षा हुनाले ।

(इ) राजमार्गः- पूर्व पश्चिम राजमार्ग,हुलाकी मार्ग र अन्य शाखा मार्गहरुले गर्दा पानी साँगुरो पुल भएर प्रवाहनभई पानी जम्मा हुनाले ।

(ई) अग्ला बाँधः- यस पालिकाको दक्षिण तर्फ भारतले बनाएको अग्ला बाँधको कारण पानी जम्मा हुनाले ।

## (प) तलका प्रश्नहरुको उत्तर दिनुहोस् ।

(अ)बाढी भन्नाले के बुझिन्छ ?

(आ)यस पालिकामा बाढी आउनुको प्रमुख तीन कारणहरु के-के हुन् ?

(इ) बाढी आउनुको कारणहरु लेख्नुहोस् ।

## (फ) खाली ठाउँ भर्नुहोस् ।

(अ) यस नगरपालिकाको पूर्वमा ______ नदी ______ पश्चिममा नदी र दक्षिणमा ______ पर्दछ ।

(आ) हिमाल पग्लिदा ______ मा पानीको बहाव बृद्धि हुन्छ ।

(इ)पानी ______ लगातार पर्नाले बाढीको संभावना बढ्छ ।

(ई) सुख्खा जमिन ______ ले डुबानमा पर्छ ।

## (ग) आगलगी



आगलगी भनेको इन्धन,अक्सिजन तापको अनियन्त्रित रासायनिक प्रतिक्रियाबाट उतपन्न हुने विनाशकारी आगो लाई आगलगी भनिन्छ ।जसले धनजन र मानवीय जीवनमा ठूलो क्षति पुर्याउनुको साथै घर बिहीन बनाउँछ ।

**प्राकृतिक** **आगलगी** **मानवीय**

यस पालिकामा आगलगीका मुख्य कारणहरु मध्ये भन्साकोठामा ग्यास प्रयोग गर्दा खाना पकाउँदा ग्यास लिक हुनु,दाउराबाट खाना पकाँउदा आगो ननिभाउनु,विधुतीय तार सर्ट हुनु, घरबाहिर जथाभावी आगो बाल्नु,खेतमा अन्न काटी सकेपछि आगो बाल्नु,चुरोटको ठुट्टो जथाभावी फाल्नु,धुप बाल्नु आदी हुन् ।

### आगलगीबाट बच्ने उपायः-

- घर वा अन्नबाली नजिकमा आगो नलगाउने ।
- वन जाँदा सलाई वा आगोको स्रोत लैजान नदिने ।
- अन्नबाली काटी सकेपछि आगलागी लगाउँदा हावाको बहाब हेरेर लगाउने ।
- घर वरिपरि झारपात जम्मा हुन नदिने ।
- दाउराबाट खाना पकाएपछि तुरुन्तै आगो निभाउने ।
- विडी,चुरोटको ठुटा निभाएर मात्र फाल्ने ।

## (प) तलका प्रश्नहरुको उत्तर दिनुहोस् ।

(अ) आगलगी भनेको के हो ?

(आ) आगलगी हुने प्रमुख दुई कारण भन्नुहोस् ।

(इ)आगलगीबाट बच्ने कुनै दुई उपायहरु लेख्नुहोस् ।

## (घ) सर्पदंश

सर्पले टोकेर विष र रगतमा फेलिने खतरनाक अवस्था सर्पदंश हो ।समयमै उपचार नपाए व्यक्तिको मृत्यु समेत हुन सक्छ। हाम्रो स्थानी विषालु सर्पहरु गोमन,करेत आदी हुन् ।



यसको टोकाइबाट बाँच्न घरेलु उपचार छाडेर तत्काल अस्पताल पुग्नु पर्छ । यसको प्रमुख लक्षणहरु टोकेको ठाँउ सुनिन्नु साँस फेर्न गाह्रो हुनु ,आँखा खोल्न नसक्नु र रगत बगिरहनु हो ।

### प्राथमिक उपचारः-

- टोकेको भागलाई मुटुको सतह भन्दा तल राख्नु  पर्ने ।
- हात वा खुट्टामा टोके एउटा कपडाले हल्को सँग बाँधनु पर्ने ।
- टोकेको व्यक्तिलाई नहलाउनु,हिड डुल गर्न नदिनु ,सुताएर राखु पर्ने ।
- बिरामीलाई छिटो अस्पताल पुर्याउनु पर्ने ।

## (प) तलको प्रश्नहरुको उत्तर दिनुहोस् ।

(अ) सर्पदंश भनेको के हो ?

(आ) स्थानी ठाँउमा पाइने दुई विषालु सर्पको नाम लेख्नुहोस् ।

(इ)सर्प दंश भएको व्यक्तिको प्रमुख ३ लक्षणहरु लेख्नुहोस् ।

(ई) सर्प टोकेको व्यक्तिको कुनै ३ उपाय भन्नुहोस् ।

## (ङ) सडक दुर्घटना




सवारी साधन गुडिरहको अवस्थामा अर्को सवारी साधन, जानवर, पैदल यात्री,पोल,रुख जस्ता अन्य कुनै संरचनाहरु संग ठक्कर खाएर वा अनियन्त्रित हुने आकस्मिक घटनालाई सडक दुर्घटना भनिन्छ।यसलाई कम गर्न सडकको अवस्थामा सुधार,सवारी साधनको समयमै मर्मत र ट्राफिक नियमको कडाइका साथ पाल्ना हुनु आवश्यक छ

### ट्राफिक चिन्ह हरु









## (प) तलका प्रश्नहरुको उत्तर दिनुहोस् ।

(अ) सडक दुर्घटना के लाई भनिन्छ ?

(आ) कुनै ४ ट्राफिक चिन्ह कोर्नुहोस् ।

(इ) सडक दुर्घटना कम गर्ने कुनै ३ उपाय बताउनुहोस् ।

### परियोजना कार्य

१. तपाईले आगलगीको बारेमा आफ्ना आमा बुवा संग सोधेर कापीमा लेखेर कक्षाकोठामा साथीहरुलाई सुनाउनुहोस् ।

# गौर नगरपालिका

अनुसूची-३

## विद्यार्थी सिकाइ उपलब्धि मूल्याङ्कन अभिलेख फाराम

विषयः-स्थानीय विषय | पाठको नामः- स्थानीय विपद्

विद्यालयको नामः-................. | कक्षाः- ४

महिनाः- मंसिर-१० +पुस -१०=२० | सि.उ.सं.:- २ | सि.उ.अंकः- ८

| रौल नं | विद्यार्थीको नाम | उपस्थित | | प्रयोगात्मक तथा परियोजना कार्य(सुनाई ,बोलाई,पढाई,लेखाई) | | | | | | | | | | थिमगत उपलब्धी संख्या | | | कुल १२ | सिकाई उपलब्धि प्रतिशत | ग्रेड | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सं | अं | १ | | २ | | ३ | | ४ | | ५ | | हाल | विगत | जम्मा | | | | |
| | | | | क | ख | क | ख | क | ख | क | ख | क | ख | ८ | - | ८ | | | | |
| १ | राधा कुमारी | २० | ४ | ३ | ४ | ४ | ४ | - | - | - | - | - | - | ८ | - | ८ | १२ | १०० | A+ | |
| २ | राजु कुमार | १८ | ३.६ | ४ | ४ | २ | ३ | - | - | - | - | - | - | ७ | - | ७ | १०.६ | ८८ | A | |
| ३ | नाज खातुन | १८ | ३.६ | २ | ३ | ३ | ३ | - | - | - | - | - | - | ६ | - | ६ | ९.६ | ८० | A | |
| ४ | माला कुमारी | २० | ४ | ३ | ४ | २ | ४ | - | - | - | - | - | - | ८ | - | ८ | १२ | १०० | A+ | |
| ५ | कृष्ण कुमार | १९ | ३.८ | ४ | ४ | ३ | ३ | - | - | - | - | - | - | ७ | - | ७ | १०.८ | ९० | A+ | |
| ६ | | | | | | | | | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | | | | | | | | | | |
| १० | | | | | | | | | | | | | | | | | | | | |
| ११ | | | | | | | | | | | | | | | | | | | | |
| १२ | | | | | | | | | | | | | | | | | | | | |
| १३ | | | | | | | | | | | | | | | | | | | | |

(क) नियमित पढाई पछि मूल्याङ्कन

(ख) थप सहायता पछि मूल्याङ्कन

विषय शिक्षकको नामः-

सही | प्रधानाध्यापकको सही

# पाठ - ९ बालबालिकाको स्वास्थ्य र सुरक्षा

सि.उ.सं-६ पाठ्यभार-११

## (क) सुरक्षित, स्वस्थ र खुसी भएर बाँच्न पाउनु

सुरक्षित, स्वस्थ र खुसी भएर बाँच्न पाउनु हामी सबैको अधिकार हो । स्वस्थ रहनका लागि राम्रो खाना खानुपर्छ । नियमित कसरत गर्नुपर्छ । मोबाइलको र इन्टरनेटको प्रयोग कम गर्नुपर्छ । हामीले सबैसँग राम्रो सम्बन्ध राख्नुपर्छ । हाम्रो परिवार, साथीहरू र वरपरका मानिसहरूसँगको राम्रो सम्बन्ध भयो भने हामी खुसी हुन्छौं । हामीले आफू भन्दा ठुलालाई सम्मान र सानालाई माया गर्नुपर्छ ।

**क्रियकलाप ९.१ : तल बाकसमा दिएको उदाहरण पढ्नुहोस् र साथीसँग छलफल गर्नुहोस् :**

- राम आफ्नी हजुरआमासँग बस्छन् । हजुरआमाले रामलाई धेरै माया गर्नुहुन्छ । हजुरआमा समय समयमा रामलाई कथा सुनाउनुहुन्छ । उनलाई हजुरआमासँग बस्न निक्कै मन पर्छ । उनी हजुरआमालाई पानी ल्याइदिन्छन् र औषधि खान पनि सम्झाउँछन् ।
- सीता आफ्ना आमा र बुबासँग बस्छिन् । सीता घरमा आफ्ना खेलौना आफैं मिलाउँछिन् र ठिक ठाँउमा राख्छिन् ।
- तपाइँ को सँग बस्नुहुन्छ र परिवारमा के -के काममा सघाउनुहुन्छ ?, नाजिकको साथीलाई सुनाउनुहोस् ।

## (ख) स्वस्थ सम्बन्धहरू


हाम्रो वरिपरि धेरै किसिमका परिवार बस्छन् । कसैको घरमा आमा र बुबा दुवै हुनुहुन्छ । कसैको घरमा आमा मात्र वा बुबा मात्र हुनुहुन्छ । केही बालबालिका हजुरबुबा हजुरआमासँग बस्नुहुन्छ । परिवार फरक भए पनि हामीले सबैको सम्मान गर्नुपर्ने हुन्छ । हामीले कसैको परिवार फरक छ भनेर जिस्क्याउनु हुँदैन । परिवारका सबै सदस्यहरूले एकअर्कालाई माया गर्नुपर्छ र सहयोग गर्नुपर्छ ।

परिवारमा सबैको काम फरक फरक हुन्छ । खाना बनाउने, लुगा धुने, करेसाबरीमा काम गर्ने **आदि** । हामीले घरको काम सबै मिलेर गर्नुपर्छ । परिवारमा एकले अर्कालाई माया र सहयोग गर्नुपर्छ । हामीले पनि घरमा आफूले **गर्न सक्ने** सानो सानो काम गरेर सहयोग गर्नुपर्छ । हामीले आफ्नो किताब मिलाउने, पानी ल्याउने, आफूले खाना खाएको भाँडा आँफै माझ्ने गर्नुपर्छ । हामीले सधैं साँचो बोल्नुपर्छ । यदि हामीलाई केही चाहियो भने हामीले आमाबुबालाई भन्नुपर्छ ।

हाम्रो घरमा हजुरबुबा र हजुरआमा जस्ता ज्येष्ठ सदस्यहरू हुनुहुन्छ । उहाँहरू कहिलेकाहीं बिरामी पर्नुहुन्छ । यस्तो बेला उहाँहरूलाई मदत गर्नु, माया गर्नु हाम्रो कर्तव्य हो । उहाँहरूलाई पानी ल्याइदिने, छेउमा बसेर मिठा मिठा कुरा गर्ने र सम्झाउने गर्नुपर्छ ।




१



२




३



४

**क्रियकलाप ९.२** माथि दिइएका चित्रहरूमध्ये कुन **चित्र** तपाईँ र तपाईँको परिवारसँग मिल्छ किन र कसरी साथीसँग छलफल गर्नुहोस् ।

## (ग) कथा: पालो पर्खने बानी

विद्यालयमा खाजा खाने समय (टिफिन) भयो। घन्टी बज्नेबित्तिकै राजु, मीना र अरू साथीहरू चौरमा खेल्न दौडिए। चौरमा एउटा नयाँ चिप्लेटी थियो।

सबै साथीहरू चिप्लेटी खेल्न लाइनमा बसे। मीना लाइनको अगाडि थिइन्। राजु उनको पछाडि थिए। राजुलाई धेरै हतारो लागिरहेको थियो। उनलाई छिटो छिटो चिप्लेटीबाट चिप्लिन मन लागेको थियो।

राजुले आफ्नो पालो पर्खिएनन्। उनले मीनालाई 'म पहिला खेल्छु, तिमी हट'भन्दै पछाडिबाट धकेले। यसो गर्दा मीना भूइँमा लडिन् । उनको घुँडामा सानो चोट लाग्यो । मीना रुन थालिन् ।

यो देखेर अरू साथीहरूले शिक्षकलाई बोलाएर ल्याए। शिक्षिकले मीनालाई उठाउनुभयो । उहाँले राजुलाई सम्झाउनुभयो। उहाँले भन्नुभयो, "राजु, हेर त ! तिमीले एकछिन पालो

नपर्खिंदा मीनालाई चोट लाग्यो नि ! हामीले चिप्लेटी खेल्दा, धारामा पानी थाप्दा वा गाडीमा चढ्दा सधैं आफ्नो पालो पर्खनुपर्छ। हतार गर्दा आफैंलाई वा अरूलाई चोट लाग्न सक्छ। साथीहरूसँग झगडा पनि पर्न सक्छ ।"

राजुलाई आफ्नो गल्तीको अनुभव भयो। उनलाई मीना रोएको देखेर नराम्रो लाग्यो। उनी मीनाको नजिक गए। उनले भने, "मलाई माफ गर मीना, अब म कहिल्यै हतार गर्दिनँ "

मीनाले पनि राजुलाई माफ गरिदिइन्। त्यसपछि सबै साथीहरूले लाइनमा उभिए। उनीहरूले पालैपालो चिप्लेटी खेले। यसरी पालो पर्खेर खेल्दा कसैलाई पनि चोट लागेन। सबैले धेरै रमाइलो गरे।




**सम्झनुहोस् :**

परिवारसँग जस्तै साथीहरूसँगको सम्बन्ध पनि धेरै महत्त्वपूर्ण हुन्छ। साथीहरूले सधैँ सहयोग गर्छन् र खुसी बाँड्छन्। साथीहरूसँग खेल्दा हामीले कहिल्यै हतार गर्नुहुँदैन । सधैं आफ्नो पालो पर्खनुपर्छ ।समूहमा मिलेर काम गर्दा सबै साथीहरूको कुरा सुन्नुपर्छ। कहिलेकाहीँ साथीहरूसँग सानोतिनो झगडा हुन सक्छ। त्यस्तो बेलामा आफ्नो गल्ती भएमा 'मलाई माफ गर' भन्नुपर्छ। त्यसपछि मिलेर खेल्नुपर्छ। यसरी गल्ती गरेमा माफी माग्नु एकदम असल बानी हो।

## (घ) सुरक्षा

हाम्रो शरीर हाम्रो लागि धेरै महत्वपूर्ण छ । हामीले आफ्नो शरीरको राम्रो हेरचाह गर्नुपर्छ । आफ्नो जिउको सुरक्षा आफैंले गर्नुपर्छ । शरीरका केही भागहरू निजी हुन्छन् । यसलाई अरूले बिनाअनुमति छुनु हुँदैन । आफूले पनि छुन दिनु हुँदैन । यसो गर्नु र यसका बारेमा जान्नु हाम्रो अधिकार हो ।

कहिलेकाहीँ कसैले हामीलाई माया गरेर अँगालो हाल्छ वा प्रशंसा गर्छ। यस्तो छुवाइले हामीलाई राम्रो र सुरक्षित अनुभव गराउँछ। त्यसैले यसलाई सुरक्षित छुवाइ भनिन्छ । **त्यसै गरी** कसैले हामीलाई डर लाग्ने गरी छुन सक्छ। यस्तो छुवाइमा हामीलाई असजिलो अनुभव हुन्छ। त्यसलाई असुरक्षित छुवाइ भनिन्छ। यस्तो अवस्थामा हामीले तुरुन्त "नाइ" भन्नुपर्छ, त्यहाँबाट टाढा जानुपर्छ। आमाबुबा, शिक्षक वा नजिकका आफन्तबाट सहयोग लिनुपर्छ ।

## सुरक्षित छुवाइ (Good Touch)

- सुरक्षित छुवाइले हाम्रो सुरक्षा गर्छ । **यसले हामीलाई** खुसी दिन्छ । यस्तो छुवाइ हामीलाई प्यारो लाग्छ ।
- आमाबुवाले मायाले हामीलाई अङ्गालो हाल्नुहुन्छ। गुरुहरूले स्याबासी दिँदै ढाप मार्नुहुन्छ। यो सुरक्षित छुवाइ हो।
- यसले हाम्रो मनमा आदर, न्यानोपन र भरोसा जगाउँछ ।

## **असुरक्षित छुवाइ (Bad Touch)**

- कसैले छुँदा तपाईलाई असजिलो हुन्छ। डर लाग्छ। नराम्रो अनुभव हुन्छ भने त्यो असुरक्षित छुवाइ हो।
- कसैले तपाईं नराम्रो तरिकाले छुन खोज्छ। छोएको कुरा कसैलाई नभन्नू भनी डर देखाउँछ भने तुरुन्तै "नाईं" (No) भन्नुहोस्।
- तपाईंको शरीर तपाईंको हो। तपाईंलाई मन नपर्ने गरी यसलाई कसैले पनि छुन पाउँदैन।




## क्रियाकलाप ९.३: सुरक्षा घेरा (Safety Circle) बनाऔंः

आफ्नो कापीमा आफ्नो हातको पन्जाको चित्र कोर्नुहोस्।५ ओटा औंलामा आफूले सबैभन्दा धेरै विश्वास गर्ने ५ जना मानिसको नाम (जस्तैःआमा, बुबा, दाइ, दिदी, शिक्षक) लेख्नुहोस्। आफूलाई डर लाग्दा वा असुरक्षित अनुभव हुँदा उहाँहरूलाई नै बताउनुपर्छ ।

## (घ) व्यक्तिको सम्मान र मानव अधिकार

हाम्रो समाजमा कहिलेकाहीँ मानिसहरूलाई फरक व्यवहार गरिन्छ।कसैलाई उसको जात, लिङ्ग, आर्थिक अवस्था वा अन्य कारणले हेप्ने गर्नु हुँदैन।उनीहरूप्रति फरक व्यवहार गर्नु राम्ररो होइन ।त्यस्तै, कसैलाई नराम्रो भनेर टाढा राख्ने वा अपमान गर्ने व्यवहार गर्नुहुँदैन। किनभने सबै मानिस बराबर हुन्छन्।सबैलाई समान रूपमा सम्मान गर्नुपर्छ।कसैलाई सानो भनेर हेप्न हुँदैन।

**९.५ क्रियाकलाप :** यस चित्रमा के भएको होला ? साथीसँग छलफल गर्नुहोस् र दिइएको **बाकसमा आफ्नो विचार लेख्नुहोस्**



**( ङ)**

## इन्टरनेट र अनलाइन खेल

नमस्ते! मेरो नाम राम हो । म कक्षा ४ मा पढ्छु । मलाई मोबाइल र कम्प्युटरमा इन्टरनेट चलाउन असाध्यै मन पर्छ । म इन्टरनेटबाट नयाँ नयाँ रमाइला कुराहरू सिक्छु । आफ्नो पढाइमा चाहिने चित्रहरू पनि खोज्छु । **यसमा आफूले खोजेका सबै राम्रा कुराहरू भेटिन्छन्** ।**त्यसैले** मलाई त इन्टरनेट एउटा जादु जस्तै लाग्छ ।

एक दिन मैले धेरै बेरसम्म मोबाइलमा गेम खेलें। खेल्दाखेल्दै मेरा आँखा निकै दुख्न थाले। मलाई पढ्न पनि मन लागेन। त्यो रात राम्ररी निद्रा पनि परेन। भोलिपल्ट मलाई धेरै थकाइ लाग्यो ।

मैले यो कुरा आफ्ना गुरुआमालाई सुनाएँ। गुरुआमाले भन्नुभयो, "राम, इन्टरनेट राम्रो त हो, तर यसलाई धेरै **बेरसम्म** चलाउनु हुँदैन। **यसमा** धेरै समयसम्म खेल्दा आँखा बिग्रिन्छ। पढाइमा पनि ध्यान जाँदैन। "

*गुरुआमाले मलाई एउटा महत्त्वपूर्ण कुरा पनि सिकाउनुभयो। उहाँले भन्नुभयो, "इन्टरनेटमा कहिलेकाहीँ हामीलाई नचाहिने नराम्रा कुराहरू पनि आउँछन्। नचिनेका मान्छेहरूले हामीसँग कुरा गर्न खोज्न सक्छन्। उनीहरूलाई आफ्नो घरको कुरा वा नाम भन्नु हुँदैन ।"*

अहिले म धेरै समझदार भएको छु । म अबः

- आमाबुवालाई सोधेर मात्र मोबाइल चलाउँछु ।
- यसमा म धेरै समय खेल्दिनँ । यसलाई सीमित समय मात्र चलाउँछु ।
- नचिनेका मान्छेले म्यासेज पठाए भने तुरुन्तै आमालाई भन्छु ।
- अब म सुरक्षित छु । म इन्टरनेटको सही प्रयोग गर्छु !

**क्रियाकलाप ९.६ : २० सेकेन्डको विश्राम" (The 20-Second Break)**

सबै विद्यार्थीलाई झ्याल बाहिर टाढा रहेको कुनै रुख वा बगैंचामा २० सेकेन्डसम्म एकटकले हेर्न लगाउनुहोस् ।

**निष्कर्षः** "हामीले मोबाइल चलाउँदा पनि हरेक २० मिनेटमा यसरी नै टाढा हेर्नुपर्छ। यसो गर्दा हाम्रो आँखा थाक्दैन। यसले चाहिने आराम पाउँछ। "(२०-२०-२० नियमको सुरुवात) गर्न लगाउनुहोस् ।

## अभ्यास र मूल्याङ्कन

**(प) ठिक भए (√ ) र बेठिक भए (x ) को चिन्ह लगाउनुहोस्**

(अ )साथीहरूलाई जिस्क्याउने र कुट्ने सम्बन्ध स्वस्थ सम्बन्ध हो । ( )

(आ) हामीले खेल खेल्दा आफ्नो पालो पर्खनुपर्छ । ( )

(इ) भित्री लुगाले छोपेको अङ्गमा कसैले छुन खोजेमा चुपचाप बस्नुपर्छ । ( )

(ई) मोबाइलमा दिनभर गेम खेल्नु हाम्रो स्वास्थ्यका लागि राम्रो हो । ( )

(ए) छोरा र छोरी दुवै बराबर हुन्, दुवैले घरको काम मिलेर गर्नुपर्छ । ( )

## (फ) कोष्ट भित्र दिइएका शब्दहरु मध्ये मिल्ने शब्द खाली ठाउँ भर्नुहोस्

( सहानुभूति, सुरक्षित, मानवअधिकार, भेदभाव, विश्वासिलो )

( अ ) दुःख परेका बेला अरूको भावना बुझ्नुलाई ..................... भनिन्छ ।

( आ ) बुबाले माया गरेर निधारमा चुम्बन गर्नु ..................... छुवाइ हो ।

( इ ) मानिसलाई जात वा रङ्गको आधारमा हेर्नु ..................... .......हो ।

( ई ) सबै मानिसले बाँच्न र पढ्न पाउने अधिकारलाई ................ भनिन्छ।

( ए ) कसैले आफूलाई असुरक्षित तरिकाले छोए मा तुरुन्तै आफ्नो ..........मान्छेलाई भन्नुपर्छ ।

## (ब) तलका प्रश्नहरुको छोटो उत्तर दिनुहोस् :

(अ) स्वस्थ सम्बन्ध भनेको के हो ?

(आ) घरमा हजुरआमा बिरामी हुँदा तपाई कसरी सहयोग गर्नु हुन्छ ? कुनै दुईवटा काम लेख्नुहोस् ।

(इ) असुरक्षित छुवाइबाट बच्ने ३ ओटा नियम के के हुन् ?

(ई) धेरै अनलाइन गेम खेल्दा हुने दुईओटा बेफाइदाहरू के के हुन् ?

## परियोजना कार्यः

### मेरो "डिजिटल स्वास्थ्य" डायरी

अवलोकन तालिका (Observation Table):

विद्यार्थीले तीन दिनसम्म आफूले कति समय मोबाइल वा टिभीमा बिताएँ भनेर निम्न तालिका भर्नुस् र कक्षामा प्रस्तुत गर्नुहोस् :

| दिन | बिहान (समय) | दिउँसो (समय) | बेलुका (समय) | जम्मा समय | उद्देश्य (किन चलाएको?) |
|---|---|---|---|---|---|
| पहिलो दिन | ........ | ........ | ........ | ........ | ........ |
| दोस्रो दिन | ........ | ........ | ........ | ........ | ........ |
| तेस्रो दिन | ........ | ........ | ........ | ........ | ........ |

# गौर नगरपालिका

अनुसूची-३

## विद्यार्थी सिकाइ उपलब्धि मूल्याङ्कन अभिलेख फाराम

विषयः-स्थानीय विषय | पाठको नामः- बालबालिकाको स्वास्थ्य र सुरक्षा

विद्यालयको नामः-................. | कक्षाः- ४

महिनाः- माघ-२०+ फागुन -१५=३५ | सि.उ.सं.:- ६ | सि.उ.अंक:- २४

| रौल नं | विद्यार्थीको नाम | उपस्थित | | प्रयोगात्मक तथा परियोजना कार्य(सुनाई ,बोलाई,पढाई,लेखाई) | | | | | | | | | | थिमगत उपलब्धी संख्या | | | कुल ३६ | सिकाई उपलब्धि प्रतिशत | ग्रेड | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सं | अं | १ | | २ | | ३ | | ४ | | ५ | | हाल | विगत | जम्मा | | | | |
| | | | | क | ख | क | ख | क | ख | क | ख | क | ख | २४ | ८ | ३२ | | | | |
| १ | राधा कुमारी | ३४ | ३.९ | ३ | ४ | ४ | ४ | ३ | ४ | ४ | ४ | ३ | ४ | २० | ८ | २८ | ३१.९ | ८९ | A | |
| २ | राजु कुमार | ३३ | ३.८ | ४ | ४ | २ | ३ | ४ | ४ | ३ | ४ | ४ | ४ | १९ | ७ | २६ | २९.८ | ८३ | A | |
| ३ | नाज खातुन | ३५ | ४ | २ | ३ | ३ | ४ | ३ | ४ | २ | ४ | २ | ३ | १८ | ६ | २४ | २८ | ७८ | B+ | |
| ४ | माला कुमारी | ३३ | ३.८ | ३ | ४ | २ | ४ | २ | ३ | ३ | ४ | ३ | ४ | १९ | ८ | २७ | ३०.८ | ८६ | A | |
| ५ | कृष्ण कुमार | ३४ | ३.९ | ४ | ४ | ३ | ३ | ४ | ४ | ४ | ४ | ४ | ४ | १९ | ७ | २६ | २९.९ | ८३ | A | |
| ६ | | | | | | | | | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | | | | | | | | | | |
| १० | | | | | | | | | | | | | | | | | | | | |
| ११ | | | | | | | | | | | | | | | | | | | | |
| १२ | | | | | | | | | | | | | | | | | | | | |
| १३ | | | | | | | | | | | | | | | | | | | | |

(क) नियमित पढाई पछि मूल्याङ्कन

(ख) थप सहायता पछि मूल्याङ्कन

विषय शिक्षकको नामः-

सही

प्रधानाध्यापकको सही

# सन्दर्भ सामग्री


- स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन (२०७६) पाठ्यक्रम विकास केन्द्र ,सानोठिमी भक्तपुर ।
- आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रम(२०७६) पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुर ।
- लेटरग्रेडिङ्ग पद्धतिको कार्यान्वयनका सहयोगी पुस्तिका(२०७९)पाठ्यक्रम विकास केन्द्र ,सानोठिमी भक्तपुर ।
- विद्यार्थी सिकाइका लागि निरन्तर/आन्तरिक मूल्याङ्कन मापदण्ड २०८० पाठ्यक्रम विकास केन्द्र ,सानोठिमी भक्तपुर ।
- पाठ्यक्रम विकास केन्द्र २०६० स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका २०६० सानोठिमी भक्तपुर ।
- स्थानीय पाठ्यक्रम २०८१ गौर नगरपालिका,रौतहट ।




# मधेश प्रदेश

## स्थानीय सरकार

## गौर नगरपालिका